काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?
हुनुहुन्छ भने:
- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस् ।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस् ।
- श्रम कल सेन्टरको निशुल्क नम्बर ११४१ मा फोन गर्नुहोस् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८१ चैत ०७ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 19 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२७

## परम्परागत विवाहमा आधुनिक हाबी हुँदै

प्रस, वीरगंज, ६ वैशाख/

चैत महीना बितेसँगै नयाँ वर्ष २०८१ वैशाख महीनामा विवाहको लगन जोडसोडले शुरू भएको छ । नेपाली पञ्चाङ्ग अनुसार वैशाख महीनामा ६ र ७ गते दुई दिन मात्रै विवाहको लगन छ। तर ऋषिकेश (भारतीय पञ्चाङ्ग) अनुसार वैशाख १४ गतेसम्म विवाहको लगन रहेको छ ।



तस्वीरः फाइल

पुरोहित उत्तम उपाध्यायले नेपालमा पाँच ग्रह शुद्ध गरेर पञ्चाङ्ग तयार गरिने हुँदा वैशाखमा दुई दिन विवाहको साइत देखिएको र भारतमा आठ ग्रह शुद्ध गरेर पञ्चाङ्ग बनाइने हुनाले १४ गतेसम्म विवाहको लगन देखिएको बताए। उनले सीमासँग जोडिएको पथलैयासम्म ऋषिकेश पञ्चाङ्ग अनुसार अक्षांश र देशान्तर मिलेकोले वैवाहिक कार्यक्रम हुँदै आएको यो क्षेत्रमा वैशाख १४ गतेसम्म वैवाहिक लगन रहेको बताए ।

सनातन हिन्दू धर्म अनुसार वर्षमा छ महीना वैवाहिक कार्यक्रमको लागि साइत हुन्छ भने छ महीना हुँदैन । नेपाली र भारतीय पञ्चाङ्ग अनुसार साउनदेखि कात्तिकसम्म र पुस तथा चैत गरी छ महीना वैवाहिक कार्यक्रम हुँदैन ।

यसैगरी, मङ्सिर, माघ, फागुन, वैशाख, जेठ र असार गरी छ महीना वैवाहिक कार्यक्रम हुने गरेको छ। आर्य समाज अन्तर्गत भने वर्षमा आठ महीना वैवाहिक कार्यक्रम हुने गरेको छ। आर्य समाजले पुस र चैतमा पनि वैवाहिक कार्यक्रम गर्दै आएको छ ।

अहिले विवाहका कार्यक्रमहरू भइरहेका छन् र परम्परागत विवाहलाई आधुनिकीकरण गरी बढी खर्च, तामझामले वैवाहिक कार्यक्रम भइरहेका छन्। पुरोहित उपाध्याय भन्छन्, पहिलेको वैवाहिक कार्यक्रममा पनि बुकुवा (हल्दी) दल्ने र मेहदी लगाउने कार्यक्रम हुन्थ्यो। बुकुवा दल्ने र हातखुट्टामा मेहदी लगाउने विधि विवाह अन्तर्गत नै परे पनि अहिले यसलाई आधुनिकीकरण गरी छुट्टै कार्यक्रमको साथ खर्चालु बनाइएको उनी बताउँछन्। अहिले बुकुवा दल्न एक दिन, मेहदी लगाउन एक दिन, सङ्गीत कार्यक्रम गर्न एक दिन र वैवाहिक कार्यक्रम छुट्टै दिन सम्पन्न हुने गरेको छ ।

तीन दिनसम्म वैवाहिक कार्यक्रम हुँदा खर्च बढी हुने गरेको छ। नेपाली समाजमा मेहदी र सङ्गीतको परम्परा नरहे पनि अहिले तराई–मधेस र राजधानीलगायत ठूला शहरहरूमा यो परम्पराले जरो गाड्दै आएको छ ।

पत्रकार महेश दास भन्छन्, मधेसी समाजमा अहिले परम्परागत वैवाहिक कार्यक्रम आधुनिकीकरणमा परिवर्तन भइरहेकाले खर्चको भारलाई बढाएको छ । हुनेखानेहरूले हल्दी, मेहदी, सङ्गीत कार्यक्रम छुट्टाछुट्टै गरेकाले त्यसैको सिको मध्यम र निम्न मध्यमवर्गले गर्दा आर्थिक व्ययभार बढाएको उनले बताए । उनले पहिले छेका, कथा मटकोर र वैवाहिक कार्यक्रम हुने गर्थ्यो। अहिले कथा मटकोर गरिन्छ तर परम्परा निर्वाह गर्नलाई मात्र। यसको सट्टा अहिले हल्दी, मेहदी, सङ्गीत कार्यक्रमले प्राथमिकता पाएको उनी बताउँछन् ।


वैवाहिक कार्यक्रममा तराई–मधेसमा स्वजातीय र समाजका अन्य जातका मानिसहरूलाई गरी दुई चरणमा भोज गराइन्थ्यो तर अहिले तीन–चार चरणमा भोजभतेर भइरहेको र यसले खर्चलाई बढाएको उनी बताउँछन्। पहिले वैवाहिक कार्यक्रम टोल, समाजमा हुने गरेकामा अहिले पार्टी प्यालेस, होटेल र हुनेखानेहरूले देशका विभिन्न शहर तथा विदेशमा गएर वैवाहिक कार्यक्रम गरिरहेका छन् । यसले पनि समाजमा अस्वस्थ प्रतिस्पर्धा भित्र्याएको उनी बताउँछन्।

परम्परागतरूपमा मधेसी समाजमा तिलकको कार्यक्रम हुन्थ्यो भने पहाडी समाजमा टीकाटालोको। दुवै समाजका मानिसहरू वरपक्षबाट वधूपक्षको घरमा गएर तिलक, टीकाटालो कार्यक्रम गर्थे। अहिले यो लोपप्रायः भएको छ। वैवाहिक कार्यक्रममैं यसलाई सीमित गरिएको छ। वैवाहिक कार्यक्रममा भएको यो परिवर्तनसँगै अहिले बिहे भोजमा पनि केही परिवर्तन भएको छ । पहिले बेहुलीपक्षले टोल, समाज र जन्तीलाई छुट्टाछुट्टै भोज खुवाउँथे। त्यसैगरी, वर पक्षले पनि बेहुली भित्र्याएपछि टोल, समाजको लागि छुट्टै भोजको व्यवस्था गर्थे। तर अहिले वरपक्षले जन्ती लगेर वधूपक्षकै भोजमा सीमित गरेको पनि पाइएको छ। यसले गर्दा वैवाहिक कार्यक्रममा भोजकै विषयलाई लिएर टीकाटिप्पणी हुन थालेको छ । यस्तै, पहिले वधूपक्ष वरपक्षको घरमा गएर पानी पनि नपिउने चलन थियो तर अहिले वैवाहिक कार्यक्रम सम्पन्न भएपछि वरपक्षले दिने विवाह भोजमा वधूपक्षका मानिसहरू पनि सहभागी हुने गरेका छन्। शुरूमा राजधानी केन्द्रित र ठूला शहरबाट अहिले तराईका जिल्लाहरूमा पनि यो परम्परा देखिन थालिएको छ ।

### थारू समुदायको विवाहमा सुधार

ओमप्रकाश चौधरी, सेढवा, ६ वैशाख/

थारू समुदायमा भने वैवाहिक कार्यक्रमलाई कम खर्चिलो गरिंदैछ । थारू समुदायमा जन्ती गएपछि वधूपक्षको घरमा दुई रात, तीन दिन बिताउने चलन



थियो । तेस्रो दिन साँझ जन्ती फर्काउने गरिन्थ्यो । यो बीचमा जन्तीलाई खाना, खाजाको व्यवस्था गर्दा वधूपक्षलाई निकै भार हुने गरेको थियो ।

अहिले रात्रि विवाह थारू समुदायमा नगन्य मात्रामा भइरहेको छ । अहिले थारू समुदायले दिउँसै विवाह सम्पन्न गर्दैछन्। यसो गर्नुको कारण बास बसाउने, खुवाउने खर्चमा बचत हुनुका साथै बाजागाजा, सङ्गीतमा हुने खर्चमा पनि बचत हुने गरेको छ। यो समुदायमा राति मदिरासेवन गरेर वैवाहिक कार्यक्रममा होहल्ला, झगडा हुने गरेको थियो तर अहिले दिउँसो विवाह गर्दा यी सबै समस्या आफैं नियन्त्रित भएका छन् ।

पर्सा जिल्लाको थरुहट क्षेत्रमा वैवाहिक कार्यक्रमहरू अहिले दिउँसो हुने गरेको स्थानीय थारू समुदायका अगुवा बताउँछन्। आर्थिक स्थिति कमजोर भएकाहरूले पनि अहिले पनि मन्दिरमा विवाह गरेर मितव्ययिता देखाउने गरेका छन् । यो समुदायमा पनि वरपक्षको भोजमा वधूपक्षको सहभागिता बढ्दो छ । खासगरी बारा जिल्लाबाट यो चलन शुरू भएको र पर्सा जिल्लामा पनि बिस्तारै जरो गाडेको थारू अगुवा बताउँछन् । पहिले छोरीको घरमा पानीसमेत नपिउने अभिभावकहरू अहिले छोरीको घरमा रमाउने गरेका छन् ।

## पुस्तक व्यवसायीहरूको कलहले गर्दा विद्यार्थी र अभिभावक प्रताडित

प्रस, वीरगंज, ६ वैशाख/

शैक्षिक सत्र २०८१ को शुभारम्भ भइसकेको छ। विद्यालयहरूले पुस्तकको सूची परीक्षाफलसँगै प्रकाशित गरिसकेका छन् । पुस्तकपसलहरूमा विभिन्न प्रकाशनका पुस्तकहरू पनि आइसकेका छन् तर पुस्तक व्यवसायीहरूको आन्तरिक कलहले गर्दा विद्यार्थी र अभिभावकले हालसम्म पनि पुस्तक खरीद गर्न सकेका छैनन् ।

पुस्तक व्यवसायी सङ्घले सङ्घ अन्तर्गतका पुस्तकपसलहरूलाई सम्पूर्ण विद्यालयका पुस्तक सूची सार्वजनिक गर्न भने पनि ती पसलहरूले सार्वजनिक नगरेकाले पुस्तकपसल नखोल्ने निर्णय गरेको छ। धेरैजसो विद्यालयले आफ्नो विद्यार्थीको हातहातमा पुस्तक सूची दिंदा पनि उनीहरूले पुस्तक किन्न सकिरहेका छैनन् ।

पुस्तक अभाव भएपनि बिहीवारदेखि धेरैजसो विद्यालय सञ्चालनमा आइसकेका छन् । विद्यार्थीका अभिभावकहरू यस प्रचण्ड गर्मीमा पुस्तक किन्न जाँदा पसल बन्द रहेकाले रित्तो हात फर्किरहेका छन् ।

ससाना पुस्तकपसलहरूले विद्यालयको सूची नपाउनु र ठूला पसलेहरूले कमिशन दिएर ठूला विद्यालयहरूको सूची हात पार्नु नै अहिलेको विवादको मुख्य कारण भएको सङ्घका एकजना सदस्यले बताए।

स्मरण रहोस्, हरेक वर्ष नयाँ शैक्षिक सत्रसँगै पुस्तक कमिशनको खेल शुरू हुन्छ। कमिशनकै चक्करमा विद्यालयहरूले पाठ्यक्रम विभागले स्वीकृत गरेका पाठ्यपुस्तकबाहेकका पुस्तकहरूको भार विद्यार्थीहरूलाई बोकाउने गरेका छन् । यस कार्यप्रति स्थानीय तहले पनि सूचना जारी गर्नुबाहेक केही गर्न सकिरहेको छैन ।

पाठ्यक्रम विभागले स्वीकृत नगरेका पुस्तकहरू लगाउनुमा ठूला पुस्तकपसलहरूकै हात रहेको छ । अतिरिक्त पुस्तक लगाउँदा विद्यालयले बढी कमिशन पाउने गर्छ। प्रत्येक शैक्षिक सत्रमा पुस्तकपसलहरूले लाखौं रुपैयाँ कमिशन विद्यालयहरूलाई दिने गरेका छन् । जसको लाभ विद्यालय सञ्चालकहरूले मात्र उठाउने गरेका छन्। विद्यालयलाई कमिशन दिएबापत पुस्तकपसलहरूले अभिभावकहरूलाई पुस्तक खरीदमा कुनै प्रकारको छुट दिंदैनन्। यसै कारण धेरैजसो विद्यालयले विद्यार्थीको हातमा पुस्तकको सूची दिंदा अभिभावकको कानमा सुटुक्क फलानो पसलमा जानु भन्छन् भने पुस्तकपसलहरूमा प्रत्येक विद्यालयको सम्पूर्ण पुस्तक उपलब्ध नहुँदा अभिभावक र विद्यार्थी छुटको गोलचक्करमा पुरानै संस्करणका पुस्तक लिई मर्कामा पर्ने गरेका छन् ।

अर्कोतिर नजीकको जिल्लामा यस्तो कुनै समस्या रहेको छैन । यस कारण पहुँच भएका अभिभावकहरू सोही जिल्लामा गएर वा आफ्नो आफन्तसँग पुस्तक झिकाउन थालेका छन्। यसबाट वीरगंजस्थित पुस्तक व्यवसायीहरूलाई नै घाटा हुने देखिएकोले पुस्तक व्यवसायी सङ्घ सचेत हुन आवश्यक छ ।

## महायज्ञको वेदीमा दलित सहभागिताको विषयलाई लिएर छिपहरमाईमा विवाद

धर्मेन्द्र चौरसिया, पोखरिया, ६ वैशाख/

छिपहरमाई गाउँपालिका–१ मिर्जापुरमा यही वैशाख ८ गतेदेखि हुने श्रीश्रीश्री १०८ श्री लक्ष्मीनारायण महायज्ञ एवं राधाकृष्णजीको प्राणप्रतिष्ठा समारोहको वेदीमा दलित समुदायलाई निषेध गरिएको छ ।

यज्ञको पूजावेदीमा २० जना गैरदलित मात्र बस्ने निर्णय भएपछि सोको विरोध शुरू भएको छ। स्थानीय भागीरथ रामले आफू वेदीमा बस्न इच्छुक रहेको र सो कार्यको लागि रु पाँच हजार चन्दासमेत दिइसकेको अवस्थामा आफूलाई वेदीमा बस्न नदिने भनिएकोमा आपत्ति जनाए। उनले दुई महीना अघिदेखि महायज्ञ तयारीको लागि दलित समुदाय पनि लागिपरेर चन्दा सङ्कलन गरेको र यज्ञका सम्पूर्ण कार्यमा सहभागिताको लागि आपत्ति नगरिए पनि वेदीमा बस्न नदिएकोमा उनले आपत्ति जनाएका छन्।



तस्वीरः प्रतीक

महायज्ञ समितिका अध्यक्ष एवं वडाध्यक्ष रामेश्वरप्रसाद यादवले वेदीमा बस्ने २० जनाले दलित सहभागिता भएपछि नबस्ने भनेर अड्डी लिएका कारण आफूले दुवै पक्षलाई मिलाउन खोजिरहेको बताए । उनले एकजनाको कारण २० जना वेदीमा नबस्ने भएपछि दलित अगुवाहरूलाई यसबारेमा मनाउन खोजिएको बताए ।

स्थानीय वृन्दा रामले चन्दा लिने तर वेदीमा सहभागी नगराउने कार्य घोर आपत्तिजनक भएको बताए। उनले दलित समुदाय यज्ञका लागि गैरदलितसरह चन्दा माग्नेदेखि लिएर सम्पूर्ण तयारीमा लागिपरेको र तर यस्तो विभेदकारी कार्यले दलित समुदायको मनोबल खस्किने बताए। उनले यो गैरकानूनी कार्य हो र यसमा वडाध्यक्ष एवं महायज्ञ तयारी समितिका संयोजक संवेदनशील हुनुपर्ने बताएका छन् ।

छिपहरमाईको यज्ञमा दलित सहभागिता नगराउने भनिए पनि पोखरिया नपा–४ मा वैशाख २७ गतेदेखि हुन लागेको विष्णु महायज्ञको वेदीमा भने दलित सहभागिता गराइने भएको छ । पोखरिया नपा–४ मा करीब सय घरपरिवार दलित छन् । उनीहरूलाई सहभागिता गराउनुपर्छ भनेर स्वयम् वडाध्यक्ष लक्ष्मणसाह कानूले लबिङ गरेका थिए । केही व्यक्तिहरूले दलित सहभागिताको विरोध गरे पनि अधिकांशले दलित सहभागिता गराउनुपर्ने, उनीहरू पनि हिन्दू धर्मावलम्बी भएकाले उनीहरूको उपस्थिति आपत्तिजनक हुनै नसक्ने तर्क गर्दै सहभागिताको लागि पहल गरेपछि अहिले त्यहाँ सहभागिता गराइने कुरामा सहमति जुटेको वडाध्यक्ष कानूले बताए।

यसअघि, गत वर्ष वीरगंज महानगर–१७ मा भएको विष्णु महायज्ञको वेदीमा पनि दलित सहभागितालाई लिएर विवाद भएको थियो । त्यहाँ पनि वेदीमा दलितलाई सहभागी गराउँदा गैरदलितहरूले सहभागी नहुने चेतावनी दिएपछि विवाद भएको थियो र अन्त्यमा वडाध्यक्ष सञ्जु छतकुलीले अर्कोपटकदेखि सहभागी गराउने भनी विवाद साम्य पारेका थिए ।

## प्रादेशिक अस्पतालमा रेबिजविरुद्धको खोप अभाव

प्रस, रौतहट ६ वैशाख

प्रादेशिक अस्पताल गौरमा रेबिजविरुद्धको खोपको एक महीनादेखि अभाव रहेको छ। प्रदेशबाट पठाउने गरेको रेबिजविरुद्धको खोप एक महीनादेखि नपठाएकोले खोपको अभाव भएको प्रादेशिक अस्पताल गौरले जनाएको छ। प्रदेशबाट महीनामा २५० भाइल रेबिजविरुद्धको खोप आउने गरे पनि तीन हप्तामैं सकिने गरेको अस्पतालले जनाएको छ ।




तस्वीरः प्रतीक

माग अनुसार खोप नआएका कारण सधैं अभाव हुने गरेको छ। बहुला कुकुरले टोक्दा लगाउने एन्टिरेबिज खोप स्वास्थ्य आपूर्ति व्यवस्था केन्द्र मधेस प्रदेश जनकपुरले वितरण गर्ने गरेको छ। दैनिक १५ देखि २० जना कुकुरले टोकेका बिरामीहरू अस्पताल आउने गरेको अस्पतालको आकस्मिक विभागले जनाएको छ ।

रेबिजविरुद्धको खोप सरकारले निश्शुल्क प्रदान गर्छ । तर स्थानीय स्वास्थ्य संस्थाले व्यवस्थापन खर्चबापत रकम लिने गरेको छ । अस्पतालमा रेबिजविरुद्धको खोप नपाउँदा बिरामीहरूले निजी क्लिनिकबाट चर्को मूल्य तिरेर किन्नुपर्ने बाध्यता छ ।

## विचारसार र सूक्तिहरू

**अरूसँग सद्व्यवहार गर्दा खर्च केही हुँदैन, तर यसबाट जे पनि प्राप्त (खरीद) गर्न सकिन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# सराहनीय पहल

**जिल्ला प्रशासन कार्यालय, बाराले नयाँ वर्ष २०८१ मा सार्वजनिक बिदाका दिनहरूमा पनि केही सेवाहरू सञ्चालन गर्ने सूची सार्वजनिक गरेको छ । गृह मन्त्रालयबाट २०८० माघ २९ गते राजपत्रमा प्रकाशित सूचना अन्तर्गत सार्वजनिक सेवाप्रवाहसम्बन्धी विशेष व्यवस्था गरेअनुरूप वर्षभरि दिइने १९ वटा सार्वजनिक बिदामा नागरिकता, राहदानी (पासपोर्ट) र राष्ट्रिय परिचयपत्रको लागि सेवा सुचारु राख्ने जनाएको छ । गृह मन्त्रालय अन्तर्गतका देशभरिका जिल्ला प्रशासन कार्यालयबाट सम्भवत: यो कार्य शुरू गरिनुपर्ने हो । तर जिल्ला प्रशासन कार्यालय, बाराले सबैभन्दा पहिले यो सूचना जारी गर्दै जिल्लावासीलाई सूचित पार्ने दायित्व निर्वहन गरेको छ । बारा जिल्लामा जिल्ला प्रशासन कार्यालय सदरमुकाम कलैयामा छ भने विभिन्न चारवटा पालिकामा इलाका प्रशासन कार्यालयले सेवा प्रवाह गर्दै आएका छन् । जिल्लाका दूरदराज पालिकाहरूबाट सेवाका लागि सदरमुकाम आउनु नपरोस् भन्ने अभिप्रायले चार स्थानमा इप्रका सञ्चालनमा ल्याइएको हो । जीतपुरसिमरा उपमहानगरपालिकाको सिमरा, सिम्रौनगढ नगरपालिकाको सिम्रौनगढ र निजगढ नगरपालिकाकाको निजगढमा इलाका प्रशासन कार्यालय छन् । त्यहाँबाट पनि नागरिकता, राहदानी र राष्ट्रिय परिचयपत्रका कामहरू हुने गरेका छन् ।**

**जिल्ला प्रशासन कार्यालयमा पछिल्लो समय यी सेवाहरू लिनका लागि सेवाग्राहीहरूको भीड हुने गरेको छ । खासगरी विदेशिने सङ्ख्या दिनानुदिन बढ्दै गएकाले नागरिकता, राहदानी र राष्ट्रिय परिचयपत्रका लागि सेवाग्राहीहरूको भीड बढिरहेको हो । वैदेशिक रोजगारमा जानका लागि अहिले राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको छ । नागरिकता लिएर पहिले सीधैं राहदानी लिन सकिने व्यवस्था थियो । अहिले परिवर्तन भएर राष्ट्रिय परिचयपत्र लिएपछि मात्र राहदानीको काम अगाडि बढ्छ । त्यसैले जिल्ला प्रशासन कार्यालयहरूमा नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानी फाँट जहिले पनि भरिभराउ हुने गर्छन् । सातामा शनिवार कार्यालय बन्द हुन्छ र सार्वजनिक बिदाहरूमा पनि कार्यालयको सेवा बन्द हुँदा सेवाग्राहीहरूलाई समस्या पर्ने गरेको थियो । तर केही सार्वजनिक बिदाहरूमा पनि यी सेवा प्रवाह गर्ने सरकारी नीतिले सेवाग्राहीहरूलाई फाइदा पुग्ने देखिन्छ । सरकारी सेवाहरू यसै पनि सरल र सहज बनिसकेका छैनन् । यस्तो अवस्थामा साताव्यापी बिदा र त्यसमा सङ्घ र प्रदेश अनि स्थानीय पालिकाहरूले दिने सार्वजनिक बिदाका कारण सेवाग्राहीहरू अनेक समस्याको सामना गर्न बाध्य हुन्छन् ।**

**सेवाग्राहीहरूको यिनै समस्याहरूको समाधान गर्ने अभिप्रायले सरकारको गृह प्रशासनले मातहतका जिप्रकाहरूलाई केही सार्वजनिक बिदाका दिनमा पनि यी सेवा प्रवाह गर्न लगाएको हो । यद्यपि यीबाहेकका अन्य सेवाहरू १९ वटा सार्वजनिक बिदामा प्रदान गरिंदैन । तथापि यी तीन प्रकारका प्रमुख सेवाहरू पाउँदा पनि सेवाग्राहीहरूलाई राहत मिल्न सक्छ । नागरिकता, राष्ट्रिय परिचयपत्रका लागि अहिले पनि वडापालिकाहरूको भूमिका प्रमुख छ । यी दुई सेवा लिनका लागि जिल्ला प्रशासन कार्यालय धाउनुपूर्व सेवाग्राहीहरूले वडापालिका कार्यालय धाउनुपर्छ केही सिफारिशका लागि । १९ वटा सार्वजनिक बिदामा जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवासँग सम्बन्धित सेवाहरू वडापालिकाहरूबाट प्रदान गरिने व्यवस्था भए सुनमा सुगन्ध हुन्थ्यो ।**

# नयाँ त झन् उस्तै

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**नेपाली काङ्ग्रेस पनि सहकारी ठगीको छानबीन होस् भन्ने चाहन्न । ऊ सत्ताधारी गठबन्धनलाई कमजोर बनाएर, परिवर्तन गराएर आफू सहभागी हुन चाहन्छ। भविष्यमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई आफ्नो गठबन्धनमा ल्याउन एक किसिमले अतिरिक्त दबाबको काम गरिरहेको छ ।**

"अब यो चार वर्ष तपाईंहरू नै मिल्नुस्। हामीबाहेकको सहमतीय सरकार बनाउनुस् । हामी प्रतिपक्षी मोर्चा सम्हाल्नेछौं। हामी ८४ अगाडि कोहीसँग मिल्दैनौं, तपाईंहरू सबै मिलेर रास्वपाविरुद्ध गठबन्धन बनाए हुन्छ।" भन्ने ट्वीट गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले आफूलाई देशका स्थापित राजनीतिक दलहरूभन्दा पृथक देखाउन खोजेका थिए तर उनको भीष्म प्रतिज्ञा छ महीना पनि टिक्न सकेन। एक वर्षभित्रै दुईपटक सत्तामा र एकपटक विपक्षमा बसेर आफ्नो सम्भावित राजनीतिको मार्गचित्र उनले प्रस्तुत गरिसकेका छन्। सत्ता नै उनको राजनीतिको अभीष्ट रहेको छ र यसको प्राप्तिका लागि उनको निम्ति राजनीतिक विचारधाराले कुनै महत्त्व राख्दैन । सहकारी ठगी प्रकरणमा रवि लामिछानेको नाम मुछिएपछि उनको भूमिकाको अनुसन्धान भइरहेकै बेला उनी गृहमन्त्री बन्न व्यग्र हुनु, गृहमन्त्री बनाइनु र आफू भ्रष्टाचारसित कुनै पनि किसिमको सम्झौता नगर्ने उद्घोष गरेका प्रधानमन्त्रीले आरोपित व्यक्तिलाई गृहमन्त्री बनाउनु आश्चर्यको विषय हो। राष्ट्रिय स्वतन्त्र पार्टी पनि नेपालको अन्य राजनीतिक दलहरूजस्तै सत्ताका लागि जन्मिएको हो । आदर्श, सिद्धान्त र नैतिकताका कुरा केवल हात्तीको देखाउने दाँत मात्रै हो ।

रवि लामिछाने पहिलोपटक गृहमन्त्री बन्दा उनीसित एकैसाथ अमेरिका र नेपालको नागरिकता र पासपोर्ट रहेको थियो । त्यो विषय पनि गृह मन्त्रालय अन्तर्गतकै विषय थियो र यसको छानबीनको अन्तिम निष्कर्ष नआउन्जेल उनी मन्त्री नै बन्नुहुँदैनथ्यो, गृहमन्त्री त पक्कै पनि बन्नुहुँदैनथ्यो । तर होइन, उनले प्रचण्ड गठबन्धनको सरकारमा सहभागी हुन गृह मन्त्रालयकै माग गरे । उनको नैतिकतामा विश्वास भएको भए आफ्ना अन्य साथीलाई पनि गृहमन्त्री बनाउन सक्दथे तर होइन उनलाई आफैं चाहिएको थियो । आखिर उनी यस मामिलामा दोषी साबित भएपछि गृहमन्त्री, सांसद र पार्टी अध्यक्षको पद पनि उनको हातबाट फुत्केको थियो । यसपटक पनि सहकारी ठगीका हजारौं र लाखौं गरीब नेपाली बचतकर्ताहरू रोई कराइरहेको अवस्थामा एउटा सहकारीसित उनले पनि पैसा लिएको विषय निकै चर्चामा छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीलाई देशको वैकल्पिक राजनीतिक शक्ति भनिएको थियो। परिवारवाद, वंशवाद, भ्रष्टाचार, सत्ता, लिप्सा र सिन्डिकेट राजनीतिमा अल्झिएका नेपालका राजनीतिक दलहरूबाट जनता पीडित एवं दु:खी थियो। देशमा वैकल्पिक राजनीतिक शक्तिको आवश्यकता महसूस भइरहेको थियो । दुई वर्ष अघि भएको स्थानीय तहको निर्वाचनमा जनताले देशका कतिपय ठाउँमा स्वतन्त्र उम्मेदवारहरूलाई विजयी गराएको थियो। देशका राजनीतिक दलहरूलाई पराजित गरी स्वतन्त्र उम्मेदवारहरूलाई विजय गराउनु एक किसिमले स्थापित राजनीतिक दलहरूप्रति आक्रोश देखाउनु थियो, सतर्क गराउनु पनि थियो। परिस्थितिको गम्भीरता बुझेर पत्रकार पृष्ठभूमिका रवि लामिछानेले एउटा दल नै खोल्ने निर्णय गरे। संसदीय बहुदलीय व्यवस्थामा स्वतन्त्रको कुनै महत्त्व हुँदैन। तर स्थानीय तहको निर्वाचनताका केही स्वतन्त्र उम्मेदवारहरूको सफलताले नेपाली जनतामा स्वतन्त्र शब्दप्रति आकर्षण उत्पन्न गरेको छ । स्वतन्त्र भनेकै राम्रो नेता होला भन्ने भाष्य स्थापित भइरहेको थियो। सम्भवत: यिनै कारणले होला रवि लामिछानेले आफ्नो पार्टीको नाम नै स्वतन्त्र राखे। यो उनको चातुर्य, कुटिलता र समयको मागको पहिचान गर्ने विशिष्ट कलाको परिचायक थियो। पार्टी अस्तित्वमा आएको छ महीनाभित्रै माधवकुमार नेपाल र उपेन्द्र यादवजस्ता नेताको पार्टीलाई उछिनेर चौथो ठूलो दलको रूपमा स्थापित हुनु सामान्य उपलब्धि थिएन तर सत्ता लिप्सा र अतिरञ्जित शक्तिको व्यग्रता उनमा देखियो। एक वर्षमा तीनपटक सत्तापक्ष र प्रतिपक्षको कित्ता फेर्ने काम गरे । निर्वाचनलगत्तै ओली–दाहाल गठबन्धनमा पुगेका थिए, जबकि चुनाव अघि दाहाल र ओलीलाई सराप्दै जनतासित मत मागेका थिए। एक वर्षभित्रै दोस्रोपटक दाहाल–ओली गठबन्धनमा फर्केका मात्र छैनन्, अपितु आफू भ्रष्टाचारी नभएको प्रमाणपत्र पाउन दाहाल र ओलीको वक्तव्यको प्रतीक्षा गर्ने गरेका छन्। दाहाल र ओलीले भनिदिएपछि आफू चोखो ठहरिने विश्वास उनलाई छ । देशको राजनीतिमा सुधार ल्याउने र भ्रष्टाचारको अन्त्य गर्ने दाबीसहित राजनीतिमा आएका नयाँ अनुहारहरूको अवस्था यस्तो छ ।

मधेसवादी दलका नेताहरू जस्तो यिनमा पनि केवल सत्ताको महत्त्वाकाङ्क्षाबाहेक कुनै राजनीतिक एजेन्डा देखिंदैन। न आर्थिक र सामाजिक नीति, न राष्ट्र विकासका लागि कुनै भिजन छ। नयाँ परराष्ट्र नीति अन्तर्गत नै छानबीन हुनुपर्ने हो तर दोस्रोपटक पनि उनले गृह मन्त्रालय नै रोजेका छन् । प्रमुख प्रतिपक्षी नेपाली काङ्ग्रेस उनको राजीनामाको विषयलाई सशक्त राजनीतिक मुद्दाको रूपमा संसद्मा उठाइरहेको छ। सहकारी ठगी प्रकरणमा गृहमन्त्री रवि लामिछानेको नाम आउनुले सत्ताधारी गठबन्धनलाई मात्र अप्ठ्यारोमा पारिदिएको छैन अपितु स्वयं राष्ट्रिय स्वतन्त्र पार्टीभित्र पनि गम्भीर चर्चाको विषय भएको छ । सहकारी ठगी प्रकरणमा पीडितहरूको सङ्ख्या लाखौं छ । लाखौं पीडितहरूको खर्बौं रुपियाँ डुबेको छ। यो प्रकरण यतिबेला नेपालको सबैभन्दा ठूलो र जल्दोबल्दो समस्या हो। लामिछानेका व्यावसायिक कारोबार साझेदार जिबी राईको नाम यसमा प्रस्ट रूपमै मुछिएपछि रवि लामिछानेको नाम पनि चर्चामा आएको छ। नेपाली काङ्ग्रेस पनि सहकारी ठगीको छानबीन होस् भन्ने चाहन्न । ऊ केवल सत्ताधारी गठबन्धनलाई कमजोर बनाएर अथवा परिवर्तन गराएर त्यसमा आफू सहभागी हुन चाहन्छ। भविष्यमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई आफ्नो गठबन्धन ल्याउन एक किसिमले अतिरिक्त दबाबको काम गरिरहेको छ। सहकारी ठगी प्रकरणलाई नेपाली काङ्ग्रेसले सडकसम्म ल्याउन नसक्नु नै उसको सम्झौतावादी चरित्रको प्रदर्शन हो। केवल संसद्मा यस विषयमा चर्चा आउनु दुर्भाग्यपूर्ण हो ।

कतिपयलाई आरोप लगाउँदैमा मन्त्रीले राजीनामा दिनु कहाँसम्म उचित हो भन्ने प्रश्न उठिरहेको छ । २०५३ सालमा तत्कालीन अर्थमन्त्री डा रामशरण महतमाथि विदेशी बैंकमा खाता खोलेर डलर जम्मा गरेको आरोप लागेको थियो । संसद् अवरोधका घटना हुन थालेपछि डा महतले पदबाट राजीनामा गर्नुपर्ने चर्को माग उठ्यो । आखिर डा महतले राजीनामा गर्नुपरेको थियो । नेपाली काङ्ग्रेस, राप्रपा, जनमत र लोसपाहरू मिलेर यस प्रकरणमा सडक सङ्घर्ष तीव्र बनाउन सके सत्ताधारी गठबन्धन असहज अवस्थामा पुग्न सक्दछ।

राष्ट्रिय स्वतन्त्र पार्टीभित्र विद्वान् र राजनीतिक सुझबुझ भएका सांसद र नेताहरू पार्टी सभापति रवि लामिछानेको हैकमवादी प्रवृत्तिबाट दु:खी छन् तर विद्रोह गर्न सक्ने अवस्थामा छैनन् ।

# सार्वजनिक लेखा समितिका सदस्यद्वारा हुलाकी राजमार्गको अनुगमन

वीरगंज, ६ वैशाख/रासस

प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिका सदस्यले राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत हुलाकी सडक आयोजनामा भएको ढिलासुस्तीसम्बन्धी स्थलगत अनुगमन थालेको छ ।

प्रतिनिधिसभाका सांसद तथा सार्वजनिक लेखा समितिका सदस्य रामकृष्ण यादवको संयोजकत्वमा आठ सदस्यीय टोलीले मधेस प्रदेशमा पर्ने हुलाकी राजमार्गको स्थलगत अनुगमन थालेको हो ।

यही वैशाख ४ गतेदेखि शुरू भएको स्थलगत अनुगमन ७ गतेसम्म जारी रहने स्थलगत अनुगमन समितिका संयोजक रामकृष्ण यादवले जानकारी दिए । उनले प्रदेशमा राजमार्गको प्रारम्भिक स्थलगत अनुगमनका क्रममा जिल्लैपिच्छे फरकफरक मापदण्डका आधारमा निर्माण भइरहेको पाइएको बताए ।

"हामीले वैशाख ४ गतेदेखि मधेस प्रदेशको सप्तरी र सुनसरीको सिमानामा पर्ने कञ्चनपुरबाट स्थलगत अनुगमन थालेका छौं," संयोजक यादवले भने, "सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, पर्सालगायत जिल्लाको अनुगमन गरिसकेका छौं । अझै दुई जिल्लाको अनुगमन गर्न बाँकी छ ।"

संयोजक यादवले स्थलगत अनुगमनका क्रममा राष्ट्रिय गौरवको सूचीमा रहेको हुलाकी सडकको निर्माण कछुवाको गतिमा भइरहेको बताए। "उक्त सडक निर्धारित समयभित्रै सम्पन्न नहुँदा सर्वसाधारणले दु:ख पाइरहेका छन्," उनले भने, "सडक समयमैं निर्माण नहुँदा मुलुकको आर्थिक,




सामाजिक तथा धार्मिक उद्देश्य प्राप्त गर्न सकिएको छैन ।"

सांसद यादवले राजमार्ग निर्माणका लागि एउटै मापदण्ड भएपनि जिल्लापिच्छे फरकफरक मापदण्डका आधारमा काम भइरहेको भेटिएको बताए। "अनुगमनका क्रममा हुलाकी राजमार्ग अन्तर्गत प्रत्येक जिल्लामा फरकफरक मापदण्डका आधारमा कालोपत्र गरिएको भेटेका छौं," उनले भने, "पुल निर्माणमा पनि सबै ठाउँमा एकरूपता भेटिएको छैन । कतै एक त कतै दुई लेनको पुल निर्माण गरिएका छन् ।"

संयोजक यादवले प्रारम्भिक अनुगमनका आधारमा सडक कालोपत्रको काममा पनि एकरूपता नभएको पाइएको बताए । "कुनै ठाउँमा दुई किलोमिटर सडक कालोपत्र भएको छ । सोहीसँग जोडिएको अर्को ठाउँमा एक किमी छ भने कतै त्यसै अलपत्र पारेर छाडिएको छ ।"

राजमार्गको मधेस प्रदेशमा पर्ने खण्डको अनुगमन गर्नका लागि संयोजक यादवको नेतृत्वमा आठ सदस्यीय समिति गठन भएको छ । उक्त समितिमा अच्युतप्रसाद मैनाली, अमरेशकुमार सिंह, तेजुलाल चौधरी, देवप्रसाद तिमिल्सिना, प्रदीपकुमार यादव, मञ्जु खाँण र मनीष झा छन् ।

साथै सार्वजनिक लेखा समितिका कर्मचारी पनि स्थलगत अनुगमनमा खटिएका छन् । स्थलगत अनुगमन समितिले राजमार्ग आयोजनाका प्रतिनिधि, निर्माण व्यवसायी तथा स्थानीय सरकारसँग आवश्यक अन्तर्क्रिया तथा छलफल कार्यक्रम गर्दै आइरहेको छ । सोही सिलसिलामा आज वीरगंज महानगरपालिकाका नगरप्रमुखसहित स्थानीय प्रतिनिधिसँग पनि छलफल गरेको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## लोकतान्त्रिक निरङ्कुशतावाद र आर्थिक विकास

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**नेपालका यी नेताहरूको लोकतान्त्रिक निरङ्कुशतावादले देशलाई झन्झन् गरीब पार्दै लगेको छ। यस विषयप्रति अति गम्भीर भएर एकजना मात्र नेताले, शेरबहादुर देउवाले नै मात्र पनि, 'मैले राजनीतिबाट सन्न्यास लिएँ' भन्ने घोषणा गरिदिए नेपाली राजनीतिमा तरङ्ग आउने थियो।**

समय परिवर्तनसँगै अनेक किसिमका पद्धति, सिद्धान्त र वादहरूको विकास भयो। तिनको प्रयोग पनि भयो। तीमध्ये केहीले मात्र दीर्घ जीवन पाए। धेरैको मृत्यु भयो।

केही वाद र सिद्धान्त लोकहितका लागि निर्माण भएका थिए। तर तिनको प्रयोगकर्ताले ती वाद र सिद्धान्त केवल आफ्नो हितको लागि उपयोग गरे। केही वाद र सिद्धान्त निर्माण केही व्यक्तिले केवल आफ्नो हितका लागि गरे। आफ्नो स्वार्थ पूर्तिका लागि तिनको प्रयोग गरे। ती वाद र सिद्धान्तको प्रयोग गरेर जनतालाई झुक्याए, ठगे।

कुनै समय राजा, महाराजा र बादशाहहरूले निर्माण गरेका राष्ट्रवाद पनि निकै प्रचलनमा रह्यो। लोपप्रिय पनि रह्यो। राष्ट्रवादको नाममा करोडौं व्यक्तिले एकआपसमा युद्ध गरे। आफ्नो ज्यान दिए। राष्ट्रवादको नाममा, राज्य विस्तारको नाममा करोडौं व्यक्तिले युद्ध गरे। राजा, महाराजा र बादशाहहरूलाई फाइदा पुऱ्याए। खासमा राष्ट्रवादको निर्माण राजा, महाराजहरूले आफ्नो फाइदाको लागि गरेका थिए। राजगद्दी वा सिंहासनको रक्षाका लागि गरेका थिए। राष्ट्रवादबाट जनताले के फाइदा पायो, के फाइदा पाइरहेको छ ?

संसारभरिकै गरीबहरूको कुरा गर्ने हो भने उनीहरूको जन्म एउटा देशमा हुन्छ, आजीवन अर्को देशमा बस्छन्। खोइ त गरीब व्यक्तिको राष्ट्रवाद ? शान्ति, सुरक्षा, रोजगारजस्ता कारणले गर्दा अहिले पनि विश्वको लगभग एक चौथाई जनसङ्ख्या आफू जन्मे, हुर्केको देशमा होइन, अर्को देशमा बसेको पाइन्छ। यथार्थमा उच्च महत्त्वाकाङ्क्षा र पेटभित्रको भोकले मानिसभित्र रहेको राष्ट्रवादलाई अर्थहीन तुल्याइदिएको हुन्छ। तर पनि राष्ट्रवादको प्रयोग अझै व्यापक भइरहेको छ। राष्ट्रवाद, नेताहरूको लागि सुन दिने कुखुरा भएको छ।

साम्यवाद र समाजवादको निर्माण कुनै समयमा केही व्यक्तिले लोकहितको लागि गरे। कार्लमार्क्स तिनै केही व्यक्तिमध्येका थिए। तर पछि, समाजवाद र साम्यवाद, दुवै वादको प्रयोग बहुसङ्ख्यक स्वार्थी नेताहरूले आफ्नो फाइदाका लागि गरे। प्रयोग मात्र गरेरनन्, आफ्नो देशको जनताको चरम शोषण गरे। चीनका माओत्से तुङ, रूसका स्टालिन र लेनिन, उत्तर कोरियाका किम इल सुङ, भेनेजुएलाका ह्युगे चाभेज, क्युबाका फिडेल कास्ट्रोजस्ता व्यक्तिले साम्यवादको भरपूर प्रयोग केवल आफ्नो फाइदाका लागि गरे। सतह बाहिर हेर्दा र यी नेताहरूको भनाइ अनुसार साम्यवादको प्रयोग देश र जनताको लागि गरेको भने तापनि यथार्थमा यी नेताहरूले साम्यवादको प्रयोग आफ्नो हितका लागि गरे।

संसारभरिमा सर्वाधिक दुरुपयोग भएको वाद, साम्यवाद वा समाजवाद हो। दक्षिण एशियामा, मुख्यगरी भारतमा इन्दिरा गाँधीले पनि समाजवादको निकै दुरुपयोग गरिन्। भारत होइन, आफूलाई बलियो बनाउन इन्दिरा गाँधीले समाजवादको चरम दुरुपयोग गरिन्। भारतलाई अति गरीब पारिन्। भारतीय कम्युनिस्टहरूले पनि साम्यवाद (नक्स्लाइट आन्दोलन) को चरम दुरुपयोग गरे। पश्चिम बङ्गाललाई त गरीब नै बनाए।

साम्यवादको अत्यधिक दुरुपयोग हुने राष्ट्रहरूमध्ये नेपाल पनि एक हो। नेपालमा कम्युनिस्ट नेताहरूले साम्यवादको चरम दुरुपयोग गरेका छन्। गरीब जनतालाई साम्यवाद नामको लड्डु देखाएर नेपालका नेताहरूले अति नै ठगेका छन्। भोलिका दिनमा तपाईंहरूको दुःख समाप्त हुन्छ भन्दै नेपालका कम्युनिस्ट नेताहरूले जनतालाई बन्दूक बोकाएका छन्। आफ्नै दिदीबहिनी दाजुभाइको हत्या गर्न लगाएका छन्। साम्यवादको पासो थापेर जनतालाई त्यस पासोमा पारेर नेपालका धेरै साम्यवादी नेताहरू शक्तिमा पुगेका छन्। सांसद, मन्त्री र प्रधानमन्त्री भएका छन्। कुन कुन कम्युनिस्ट नेताहरूले नेपालीहरूलाई कसरी ठगे भन्ने कुरा घामझैं छर्लङ्ग छ। ती नेताहरूको नाम लिनुपर्दैन। अहिले भने संसारभरि नै एउटा वादको निकै प्रयोग हुन थालेको छ लोकतान्त्रिक निरङ्कुशतावाद।

सर्वप्रथम लोकतान्त्रिक निरङ्कुशतावाद के हो त्यो बुझौं। लोकतान्त्रिक निरङ्कुशतावाद भनेको नाम लोकतन्त्र तर व्यवहार निरङ्कुश। लोकतान्त्रिक निरङ्कुशतावादमा व्यवस्था तथा देशभित्र न्यायालय हुन्छ, संसद् हुन्छ, सरकार पनि हुन्छ। तर यी तीनै अङ्ग केवल एक वा केही नेताको नियन्त्रणमा हुन्छ। स्वतन्त्र हुँदैन। कार्यपालिका, न्यायपालिका र विधायिका, एक वा केही नेताहरूको कठपुतली मात्र हुन्छन्। यो वादमा प्रजातान्त्रिक किसिमले चुनाव हुन्छ, चुनाव निष्पक्ष भएको अति प्रचार प्रसार पनि गरिन्छ। तर चुनावमा जीत भने त्यही एक व्यक्ति वा केही व्यक्तिको हुन्छ। अन्य प्रतिस्पर्धी पाखा लाग्छन्। उनीहरूलाई पाखा लगाइन्छ।

रूसमा अहिले लोकतान्त्रिक निरङ्कुशतावादको प्रयोग चरम किसिमले भइरहेको छ। भ्लादमिर पुटिन यही वाद प्रयोग गरेर पटकपटक चुनावमा विजयी भइरहेका छन्। रूसको कार्यपालिका, न्यायपालिका र विधायिका, राष्ट्रका तीनै अङ्ग, अहिले पुटिनको नियन्त्रणमा छ। रूसमा लोकतन्त्र त छ, तर पुटिन मोडेलको छ। रूसको लोकतन्त्र निरङ्कुश लोकतन्त्र हो।

भारत पनि अहिले निरङ्कुश लोकतन्त्रको मार्गमा दौडिन तयार अवस्थामा छ। केही दिनपछि नै भारतमा लोकसभा चुनाव हुँदैछ। र यो चुनावमा भाजपाले विजय प्राप्त गर्ने पक्का छ। नरेन्द्र मोदीले विजय प्राप्त गर्ने पक्का छ। मोदीले पनि पुटिनको मोडेल प्रयोग गरेका छन्, तर अलि फरक किसिमले। मोदीले धर्मलाई चुनावी रणनीति बनाएका छन् भने पुटिनले राष्ट्रवादलाई।

लोकतान्त्रिक व्यवहार देखाएर के भ्लादमिर पुटिन र नरेन्द्र मोदी आफ्ना उत्तराधिकारीलाई सत्ता हस्तातन्तरण गर्न सक्तैनन् ? आफ्नो दलका अन्य योग्य व्यक्तिहरूलाई राष्ट्रपति वा प्रधानमन्त्री बनाउन सक्तैनन् ? लोकतन्त्रमा एउटै व्यक्ति पटकपटक एउटै पदमा बस्न पाउँदैन। एउटै व्यक्ति सदा पद र शक्तिमा रहँदा निरङ्कुश हुन्छ भनेर नै लोकतन्त्रमा निर्वाचन गराइन्छ। पुटिन र मोदी आआफ्ना देशभित्र लोकप्रिय भए भन्दैमा के ती देशको जनताले यी दुईलाई नै जहिले पनि सरकार प्रमुख बनाउने ?

अब कुरा गरौं नेपालको। नेपालका यी नेताहरू– केपी ओली, माधव नेपाल, झलनाथ खनाल, पुष्पकमल दहाल, शेरबहादुर देउवा, रामचन्द्र पौडेल, उपेन्द्र यादव, महन्थ ठाकुर आदि लोकतान्त्रिक निरङ्कुशतावादमा विश्वास र सोही अनुसार व्यवहार गर्ने नेता हुन्। जतिपटक चुनाव भए पनि, घुमाउरो पाराले (समानुपातिक, मनोनीत) भए पनि, यिनै नेता पटकपटक सत्तामा पुग्छन्। शक्तिशली बन्छन्। मन्त्री, प्रधानमन्त्री राष्ट्रपति बन्छन्। २०४७ सालदेखि यी नेताहरू जहिले पनि शक्ति र सत्तामा छन्। यिनीहरूलाई न चुनावले, न व्यवस्थाले विस्थापित गर्न सक्छ।

नेपालमा अहिले लोकतान्त्रिक निरङ्कुशतावाद छ। अहिले यो वादले केही नेताहरूलाई निकै फाइदा पुऱ्याएको छ। यो वादको प्रयोग गरेर नै केही नेता शक्तिशाली भएका छन्। पटकपटक उनीहरू नै सत्ता र सरकारमा पुगेका छन्। दुईपटक, तीनपटक, पाँचपटक प्रधानमन्त्री भएका छन्।

लोकतान्त्रिक निरङ्कुशतावाद र अर्थ व्यवस्थाबीच कस्तो सम्बन्ध हुन्छ तथा लोकतान्त्रिक निरङ्कुशतावादले राष्ट्रलाई कसरी गरीब पार्छ अब त्यसबारे चर्चा गरौं।

रूसका राष्ट्रपति भ्लादमिर पुटिनले लोकतान्त्रिक निरङ्कुशतावाद प्रयोग गरिरहेका छन्, यो कुरा जगजाहेर छ। राष्ट्रवादको नारा दिएर उनी चुनावमा विजयी सदा सफल भएका छन्। त्यति मात्र होइन, आफू राष्ट्रवादी हुँ भनी प्रदर्शन र प्रमाणित गर्न उनले युक्रेनमाथि आक्रमण गर्न आफ्ना सेना खटाएका पनि छन्। अर्थात् आफूलाई राष्ट्रवादी देखाउन उनले युक्रेनमाथि अनावश्यक आक्रमण गरेका छन्। रूसलाई निरन्तर युद्धरत पारेर रूस र रूसी जनतालाई गरीब पार्ने कार्य गरेका छन्। यदि रूस युद्धमा नलागेको भए, रूसमा शान्ति रहेको भए, तीव्र गतिमा आर्थिक विकास गर्ने थियो। तर पुटिनलाई राष्ट्रवादी देखाउन, जहिले पनि सत्तामा रहिरहन रूस गरीब हुनुपरेको छ। युद्धमा अनावश्यक किसिमले लाग्नु परेको छ। युक्रेन सही छ वा गलत, त्यो चर्चाको अर्को पाटो हो। युक्रेनका राष्ट्रपति भ्लोदोमिर जेलेन्स्की अन्य राष्ट्रद्वारा उचालिएर, अन्य राष्ट्रहरूका लगि रूससँग युद्ध गरिरहेका छन्। यो विश्लेषणको अर्को पाटो हो। यहाँ मुख्यरूपमा लोकतान्त्रिक निरङ्कुशतावादले कसरी देशलाई गरीब बनाउँछ, भन्नु हो। निरङ्कुशतावाद प्रयोग गरेर पुटिनले जसरी रूसलाई गरीब बनाइरहेका छन् त्यसैगरी विश्वका अन्य केही नेताले निरङ्कुशतावाद प्रयोग गरेर आफ्नो देशलाई गरीब बनाइरहेका छन्। निरङ्कुशतावादमा, शक्ति र सत्तामा रहिरहन, नेताहरू देशको स्रोत एवं साधनको, आफ्नो हितमा चरम दुरुपयोग गर्छन्।

नेपाललाई पनि लोकतान्त्रिक निरङ्कुशतावादी नेताहरूले गरीब तुल्याइरहेका छन्। जहिले पनि, आफूहरू नै, शक्ति र सत्तामा रहने यिनीहरूको स्वभावले गर्दा, वा यिनीहरूको निरङ्कुश चरित्रले गर्दा आर्थिक विकासका ठूला ठूला विषयले महत्त्व पाएका छैनन्। यिनीहरूको अर्जुन–दृष्टि केवल कुर्सीमा रहेकोले विकासका कार्यहरू अवरुद्ध भएका छन्। यी नेताहरूको सत्तालोलुप स्वभाव देखेर अहिले नेपालीहरूमा चरम निराशा व्याप्त भएको छ। विशेषगरी युवाहरू नेपालमा आफ्नो भविष्य सुरक्षित देखिरहेका छैनन् र प्रत्येक दिन चराजस्तो झुन्ड बनाएर, विदेशी आकाशतर्फ उडिरहेका छन्।

नेपालका यी नेताहरूको लोकतान्त्रिक निरङ्कुशतावादले देशलाई झन्झन् गरीब पार्दै लगेको छ। यस गम्भीर विषयप्रति अति गम्भीर भएर एकजना नेताले मात्र पनि, शेरबहादुर देउवाले नै मात्र पनि, 'मैले राजनीतिबाट सन्न्यास लिएँ' भन्ने घोषणा गरिदिए नेपाली राजनीतिमा केही तरङ्ग आउने थियो। र त्यो तरङ्ग सकारात्मक हुने थियो।

## "नवीकरणीय ऊर्जा वर्ष" मनाउने तयारी

काठमाडौं, ६ वैशाख/रासस

सरकारले यस वर्ष (विसं २०८१)लाई नवीकरणीय ऊर्जा वर्षको रूपमा मनाउने भएको छ। नेपाल नवीकरणीय ऊर्जा परिसङ्घको प्रस्ताव अनुसार ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयले त्यसका लागि प्रक्रिया थालेको छ। नवीकरणीय र स्वच्छ ऊर्जाको विकास र विस्तार गर्ने लक्ष्यका साथ सरकारले नवीकरणीय ऊर्जा वर्ष मनाउन आवश्यक प्रक्रिया अगाडि बढाएको हो।

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेतले परिसङ्घको प्रस्तावलाई सकारात्मकरूपमा लिंदै आवश्यक निर्णय गर्ने बताए। परिसङ्घका अध्यक्ष गुणराज ढकालले ऊर्जा मन्त्रालय र मन्त्री बस्नेतले परिसङ्घको प्रस्तावलाई सकारात्मक रूपमा लिंदै वर्षभरि नवीकरणीय ऊर्जा वर्ष मनाउने विश्वास दिलाएको बताए।

पछिल्ला दिनमा जलविद्युत्का अलावा अन्य ऊर्जाका स्रोतको विकास र बढोत्तरी भइरहेको छ भने ऊर्जा मिश्रणको अवधारणामा पनि सरकारले काम गरिरहेको छ। सौर्य, वायु ऊर्जामा सरकार र दातृ निकायले पनि उल्लेख्य लगानी गरिरहेका छन्।

ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव सुशीलचन्द्र तिवारीले नवीकरणीय र वैकल्पिक ऊर्जाको क्षेत्रमा भएका पछिल्ला प्रगतिलाई संस्थागत गर्ने लक्ष्यका साथ नवीकरणीय ऊर्जा वर्षको रूपमा अगाडि बढाउन मन्त्रालय सकारात्मक रहेको बताए। उनका अनुसार सरकारले अवलम्बन गरेको नीति तथा नियमबारे आवश्यक जानकारी गराउने र यस क्षेत्रमा काम गरिरहेका सङ्घसंस्थालाई सबल बनाउने लक्ष्य राखिएको छ।

नेपाल नवीकरणीय ऊर्जा परिसङ्घले सरकारसमक्ष वर्ष २०८१ लाई 'नवीकरणीय ऊर्जा वर्ष' घोषणा गरी तदनुरूप नीति, योजना र कार्यक्रम तर्जुमा गर्न प्रस्ताव गरेको छ।

वर्ष २०८१ लाई सबैका लागि उपलब्धिमूलक बनाउन सघन सहकार्य गर्न आह्वान गर्दै आआफ्नोतर्फबाट अधिकतम योगदान गर्ने र सफलता प्राप्त गर्ने परिसङ्घका अध्यक्ष ढकालले जानकारी दिए।

जलवायु परिवर्तनका कारण पृथ्वीको तापक्रम बढिरहेकोले त्यसलाई नियन्त्रण गर्न मुख्यतया खनिज इन्धनको खपत शून्य बनाउनु आवश्यक छ भन्ने विश्वव्यापी बुझाइलाई आत्मसात् गर्न जरुरी रहेको परिसङ्घको भनाइ छ।

सन् १९९२ मा ब्रजीलको रियो द जेनेरियोमा सम्पन्न अर्थ समिट, सन् १९९४ मा जापानको क्योटोमा सम्पन्न क्योटो सम्मेलन, सन् २०१५ मा फ्रान्सको पेरिसमा आयोजित कोप–१६, सन् २०२१ मा बेलायतको ग्लासगोमा आयोजित कोप–२६ र सन् २०२३ मा संयुक्त अरब इमिरेट्समा आयोजित कोप–२८ ले नवीकरणीय ऊर्जाको विकास र विस्तारमा जोड दिएको छ।

सन् २०३० सम्म आधारभूत सुविधामा सबैको पहुँच पुऱ्याउने लक्ष्यसहित दिगो विकास लक्ष्यलाई मानक मानिएको छ। जसमा प्रमुख सूचकमध्ये नवीकरणीय ऊर्जा पनि रहेको छ। त्यस्तै, कोप–२८ मा खनिज इन्धनको प्रयोग पूरै बन्द गर्नुपर्ने माग भएपनि क्रमैसँग घटाउने सहमति भएपछि नवीकरणीय ऊर्जाको महत्त्व र उपादेयता उजागर भएको छ।

सन् २०३० सम्म नवीकरणीय ऊर्जाको क्षमता तीन गुणा र ऊर्जा दक्षता दुई गुणा पुऱ्याएर जलवायु परिवर्तनको असर नियन्त्रण गर्नुपर्ने समझदारीलाई पनि अत्यन्तै उत्साहजनक मानिएको छ। नेपालमा जलविद्युत्, लघुजलविद्युत्, सौर्य विद्युत्, सौर्य तापीय, बायोग्याँस, बायोमास, वायु ऊर्जाजस्ता नवीकरणीय ऊर्जाका प्रविधि उपलब्ध छन्।

नेपालले विश्वस्तरीय अभिसन्धि तथा विभिन्न समझदारीमा ऐक्यबद्धता जनाएको र २०७५ वैशाखमा नेपाल सरकारबाट जारी गरिएको श्वेतपत्र, राष्ट्रिय आवधिक योजनाहरू तथा राष्ट्रिय प्रतिबद्धताले पनि यसलाई नेपालले प्राथमिकतामा राखेको छ।

ऊर्जा श्वेतपत्रमा नवीकरणीय ऊर्जा दशक २०७५–२०८५ हरेक घर ऊर्जा घर, हरेक बस्तीः ऊर्जा बस्ती, सबैका लागि स्वच्छ भान्छाजस्ता महत्त्वाकाङ्क्षी लक्ष्य समावेश गरिएको छ। खाना पकाउन विद्युतीय उपकरण, यातायातका साधन विद्युतीय ऊर्जाबाट चल्ने र उद्योगधन्दाका लागि बिजुलीमा पनि जोड दिएर नीति कार्यक्रम र योजना समावेश गरिंदै आएको छ।

## नेप्से परिसूचकको ओरालो यात्रा जारी

काठमाडौं, ६ वैशाख/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार पनि ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १९ दशमलव ५६ अङ्कले ओरालो लागेर एक हजार ९७२ दशमलव १४ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव शून्य चार अङ्कले ओरालो लागेर ३५० दशमलव ४७ मा पुगेको छ। कुल ५३ लाख ४४ हजार ६१३ कित्ता शेयर रु दुई अर्ब नौ करोड ३६ लाख १२ हजार ७९२ मूल्यमा खरीद–बिक्री भएका छन्।

कारोबार भएकामध्ये गुर्खाज फाइनान्स शीर्ष स्थानमा छ। सो कम्पनीको रु १७ करोड ८२ लाख ८५ हजार ४४१ मूल्यमा खरीद–बिक्री भएको छ। सूर्यज्योति लाइफ इन्स्योरेन्स रु १० करोड ५१ लाख ३७ हजार ६७९, पोखरा फाइनान्स रु सात करोड ३७ लाख ५५ हजार ६४६, शिवम् सिमेन्ट रु पाँच करोड ४५ लाख १९ हजार १२३ र हिमालयन रिइन्स्योरेन्स रु पाँच करोड ३० लाख ४९ हजार ५५१ मूल्यमा




कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार खानीखोला हाइड्रोपावर सात दशमलव ९४, पोखरा फाइनान्स छ दशमलव २१, एनआइसी एशिया ग्रोथ फन्ड पाँच दशमलव ७१, मध्य भोटेकोशी जलविद्युत् कम्पनी पाँच दशमलव ७० र पिपल्स पावरका लगानीकर्ताले पाँच दशमलव ५९ प्रतिशतले कमाएका छन्।

रुरु जलविद्युत् परियोजना नौ दशमलव ९९, गुर्खाज फाइनान्स नौ दशमलव ३९, सिभिल बैंकको ऋणपत्र आठ दशमलव ८९, सिवाइसी नेपाल लघुवित्त छ दशमलव १२ र एसबिएल ऋणपत्रका लगानीकर्ताले पाँच दशमलव ८४ प्रतिशतले गुमाएका छन्।

## ताक्लाकोट जान सीमा पास लिने बढ्दै

सिमकोट (हुम्ला), ६ वैशाख/रासस

छिमेकी मुलुक चीनको पुराङ काउन्टीको ताक्लाकोट जानका लागि सीमा पास लिने र नवीकरण गर्नेको सङ्ख्या बढ्दै गएको छ।

ताक्लाकोटमा व्यापार–व्यवसाय र रोजगारका नेपाल र चीनको सीमानाका हिल्सा हुँदै जाने भएकाले फागुनयतादेखि सीमा पास लिने नागरिकको भीड जिल्ला प्रशासन कार्यालयमा बढ्न थालेको छ। कार्यालयका अनुसार ताक्लाकोट जान यस वर्ष ३२८ जनाले पास लिएका छन् भने ८७८ जनाले पास नवीकरण गरेका छन्।

जिप्रका, हुम्लाले ताक्लाकोटमा व्यापार–व्यवसाय र रोजगारका लागि जाने जिल्लाका नागरिकलाई एक वर्षका लागि पास उपलब्ध गराउँदै आएको छ। गत वर्ष वैशाख १८ गतेदेखि हिल्सानाका चीनले दुईतर्फी खुला गरेपछि जिप्रकामा सीमा पास बनाउन आउने सेवाग्राहीको भीड बढेको प्रजिअ विनोदकुमार पोखरेलले बताए।

फागुनमा दैनिक पाँचदेखि १० जनासम्म सीमा पासका लागि आउने गरेका भएपनि चैतको दोस्रो सातादेखि सेवाग्राही नागरिकको सङ्ख्या बढ्दै गएको प्रजिअ पोखरेलले जानकारी दिए। पछिल्लो समय औसतमा ३० देखि ४० जनालाई उक्त पास प्रदान गरिँदै आइएको उनले जानकारी दिए।

सीमा पास बनाउन सबैभन्दा बढी उत्तरी नाम्खा, सिमकोट र खार्पुनाथ गाउँपालिकाका नागरिक आउने गरेका उनको भनाइ छ। केही दिनयता दक्षिण भेगका सर्केगाड, ताँजकोट, चङ्खेली र अदानचुली गाउँपालिकाका नागरिकसमेत सीमा पास बनाउन आएका प्रजिअ पोखरेलले बताए।

हुम्लावासीको मुख्य व्यापार–व्यवसाय र रोजगारको गन्तव्य ताक्लाकोट रहँदै आएको छ। ताक्लाकोटमा नेपालबाट निकासी भएर गएका फुरु, गुच्चीच्याउ, थाक्ना, जडीबुटीलगायतका सामानको व्यापार हुने गर्छ भने उताबाट दैनिक उपभोग्य सामान, लत्ताकपडा, इन्धन, विकास निर्माणका सामग्री नेपालमा आयात हुने गर्छ।

# पर्वतीय उडानबाट कैलाश मानसरोवर दर्शन

कमलकुमार बस्नेत
काठमाडौं, ६ वैशाख/रासस


दिनको पहिलो प्रहर शुरू भइसकेको थिएन । नेपालगंजको सिद्धार्थ होटलमा अघिल्लो दिन नै आएका अधिकांश भारतीय पर्यटक नित्यकर्म सकेर तयार भइसकेका थिए । कैलाश पर्वत दर्शन गर्न जानुअघि उनीहरूले नजीकैको जय बागेश्वरी मन्दिरमा सामूहिक दर्शन गरे । त्यसपछि उनीहरू सवार बस विमानस्थलतर्फ लाग्यो ।

विमानमार्फत आकाशबाटै तिब्बतमा रहेको कैलाश पर्वतको दर्शन गर्न जाँदै थिए । विमानमा चढ्दै गर्दा भारतीय पर्यटकको अनुहारमा साक्षात् कैलाश पर्वत र मानसरोवर ताल आँखैअगाडि हेर्न पाउने उत्कट चाहना झल्कन्थ्यो ।

हिन्दू धर्ममा कैलाश पर्वतलाई महादेवको घर मानिन्छ । महादेव बस्ने ठाउँ हेर्ने अभिलाषाले तीर्थयात्रीहरूको अनुहार उज्यालिएको थियो । "विमानले जसै 'टेकअफ' गरी उत्तरतर्फ उचाइ बढाउँदै गयो, यात्रीहरूको मनमा कौतुहलता बढ्दै गरेको प्रस्ट देखिन्थ्यो । झन्डै ३० मिनेटको उडानपछि विमान नेपाल-चीनको सीमानजीकै पुग्यो," पर्वतीय उडानबाट फर्केपछि पथिल होलिडेजका प्रबन्ध निर्देशक महेश गौतमले भने ।

विमानको झ्यालबाट एकोहोरो आँखा दौडाइरहेका यात्रीहरूले दुई हात जोडेर नमस्कार गरे । उनीहरूका आँखैअगाडि महादेवको घर अर्थात् कैलाश पर्वत विराजमान थियो । उनीहरू मानसरोवर ताल हेरेर आपसमा केही कुराकानी पनि गरे ।

यत्तिकैमा विमानमा रहेका पण्डितले यात्रीहरूको ध्यानाकर्षण गराए । सबैलाई कैलाशतर्फ फर्किएर हात जोड्न लगाउँदै मन्त्रोचारण गर्दै विमानभित्रैबाट पूजा शुरू गरे । सामान्य पूजा सकाएपछि उनले कैलाश पर्वत र मानसरोवर तालको धार्मिक महत्त्व, आस्था र इतिहासबारे जानकारी गराउन थाले ।



महादेवको बासस्थान आँखैअगाडि हेर्न पाउँदा हर्षविभोर उनीहरू पण्डितले बताएका हरेक विषयमा चासोपूर्ण सुनिरहेका थिए । विमानले तीन/चार फन्को लगाइसकेको थियो ।

कैलाशलाई साक्षात् दर्शन गर्न पाउँदाको खुशी यात्रीहरूहरूको आँखाबाट छल्किरहेको थियो । कोही आँखाभरि खुशीका आँसु बगाउँदै एकोहोरो कैलाश पर्वत हेरिरहेका थिए भने केहीले मौन मुद्रामा रुद्राक्षको माला घुमाउँदै जप शुरू गरिरहेका थिए ।

सिद्धार्थ हस्पिटालिटी ग्रुपका क्षेत्रीय निर्देशक केशव न्यौपानेको परिकल्पना, पथिल होलिडेजको व्यवस्थापन र नयाँ दिल्लीस्थित ट्राभल कम्पनी 'ट्रिप टु टेम्पल्स'सँगको समन्वयमा श्री एयरलाइन्सको विमानमार्फत पर्यटकलाई पर्वतीय उडान गराउँदै आइएको छ । यात्रीहरूको आवासीय प्रबन्ध सिद्धार्थ हस्पिटालिटीले गर्दै आएको छ ।

बुधवार रामनवमीको दिन कैलाश दर्शनका लागि सातवटा माउन्टेन फ्लाइट (पर्वतीय उडान) भयो । जसमा आठजना नेपाली र २३४ जना भारतीय पर्यटकले कैलाश पर्वतको दर्शन गरेका थिए ।

कैलाश पर्वत दर्शनपछि उनीहरूले नेपालगंज फर्केर रुद्राभिषेक पूजासमेत गरेका थिए । पथिल होलिडेजले नयाँ गन्तव्यका रूपमा यो पर्वतीय उडानलाई स्थापित गर्न भारतीय बजारमा सक्दो बजारीकरण गरिरहेको न्यौपानेको भनाइ छ ।

"हाम्रालागि भारत ठूलो बजार हो, हामीले भारतका विभिन्न शहरबाट दर्शनार्थीहरूलाई यहाँ ल्याएर माउन्टेन फ्लाइटमार्फत कैलाश पर्वतको दर्शन गराउँछौं," न्यौपानेले भने, "तीर्थयात्रीहरूलाई दुईतर्फी यातायात, खान, बस्न र हवाई उडानका लागि एउटै प्याकेज बनाएर यात्रा सहज बनाइरहेका छौं ।"

भारतको कोलकाताबाट कैलाश दर्शन गर्न मङ्गलवार साँझपख नेपालगंज आइपुगेकी सञ्चिता गाँगुलीले यो आफ्नो जीवनको महत्त्वपूर्ण पल भएको बताइन् । "हामी यहाँ योजना बनाएर आएका थिएनौं, सायद महादेवको आशीर्वाद थियो होला, हाम्रो यो पारिवारिक 'ट्रिप' निकै राम्रो भयो," उनले भनिन् ।

उनले बादल पनि नभएकाले कैलाश पर्वत र दुवै ताल स्पष्ट हेर्न पाएकामा आफूलाई निकै भाग्यमानी ठानेको बताइन् । पछिल्ला केही वर्षयता भारतीयहरू भिसाको समस्याका कारण कैलाश मानसरोवर दर्शन गर्न जान पाएका छैनन् ।

भिसा, समय तथा स्वास्थ्यको समस्या हुनेलाई पर्वतीय उडानमार्फतको कैलाश पर्वतको दर्शन सबैभन्दा उपयुक्त विकल्प भएको भारतको बैंगलुरुबाट आएका ८० वर्षीय विशाल कुँवरले बताए ।

कैशाल पर्वत दर्शन गरेर आफू निकै धन्य भएको दिल्लीबाट आएका विनोद शर्माले बताए । उनले भने, "जीवनमा यति सहज ढङ्गले कैलाश पर्वतको दर्शन गर्न पाउँछु भनेर कल्पना पनि गरेको थिइनँ । म यो खुशीको बयान गर्न निश्शब्द छु ।"

उनले आफ्नो 'बकेट लिस्ट'को एउटा योजना पूरा भएको बताए । आफूहरू कैलाश दर्शन गरेर सिद्धार्थ होटलमा आइपुग्दा रुद्राक्षको माला र प्रसादले स्वागत गरेको पल बिर्सन नसक्ने भन्दै उनले भोले बाबाको आशीर्वाद पाएको महसूस भएको बताए ।

गत माघदेखि नेपालगंजबाट कैलाश पर्वत दर्शनका लागि शुरू गरेको पर्वतीय उडानमार्फत हालसम्म पाँच सयभन्दा बढी भारतीय नागरिकले कैलाश पर्वतको दर्शन गरिसकेका छन् । साथै यही वैशाख १० गतेका लागि करीब दुई सय भारतीय नागरिकले बुकिङ गरिसकेको पथिल होलिडेजले बताएको छ ।

उद्योग वाणिज्य सङ्घ बाँकेका अध्यक्ष टङ्क धामीले नेपालगंजमा नयाँ पर्यटकीय गन्तव्यका रूपमा माउन्टेन फ्लाइट भएको भन्दै यसमार्फत यहाँको पर्यटन चलायमान हुन सहज भएको उल्लेख गरे । उनले यसले पर्यटकको आगमन र त्यसबाट हुने आम्दानी बढाएको बताए ।



छायानाथ रारा नगरपालिका-१० चरापका शुरबहादुर एडी राडी बुन्दै । भेडाको ऊनबाट निर्माण गर्न लागिएको राडी रु पाँच हजारमा बिक्री हुने गरेको छ । तस्बिरः हेमन्त केसी/रासस

# ३० लाखको आलु बिक्री गर्दै सकियो महोत्सव

कास्की, ६ वैशाख/रासस

आलु गाउँका रूपमा देशमैं प्रख्यात पोखरा महानगरपालिका-२५ हेम्जामा सञ्चालन भएको आलु महोत्सव सकिएको छ ।

चैत २५ गतेदेखि शुरू भएको आलु महोत्सव बुधवारसम्म रु ३० लाख ६५ हजार ७२० को आलु बिक्री गर्दै सम्पन्न भएको हो । महोत्सवस्थलबाट कुल ७६ हजार ६४३ किलो आलु बिक्री भएको कृषि उपज व्यवस्थापन उपसमितिका संयोजक जयराम तिमिल्सिनाले जानकारी दिए ।

महोत्सवस्थलमा आलु बिक्रीका लागि पहाड निर्माण गरिएको थियो । प्रतिकिलो रु ४० का दरले आलु बिक्री गरिएको थियो । कुल तीन हजार ४४५ घरपरिवारले आलु खरीद गरेको तिमिल्सिनाले बताए ।

कास्की, गोरखा, म्याग्दी, मुस्ताङ, स्याङ्जा, चितवन, बुटवल, बागलुङ, तनहुँलगायत काठमाडौंबाट समेत मानिस आलु खरीद गर्न आएको बताइन्छ । प्रतिपरिवार न्यूनतम पाँच किलोदेखि अधिकतम तीन सय किलो आलु खरीद गरेका थिए । हेम्जामा फलेको आलु स्वादिलो, छिटो पाक्ने तथा स्वस्थकर मानिने भएकोले उपभोक्ताको आकर्षण बढेको हो ।

यसैगरी, महोत्सवभर आलुलगायत अन्य सामग्रीसमेत गरी रु तीन करोड ७० लाखको कारोबार भएको मूल आयोजक समितिका महासचिव वसन्तकुमार श्रेष्ठले जानकारी दिए । महोत्सव समापनका अवसरमा अग्रज कृषकलाई सम्मान गरिएको छ । आलुको प्रदर्शनीमा उत्कृष्टता हासिल गर्ने कृषक भीममाया नेपाली, एकबहादुर कार्की, पार्वती बानियाँ, हरिमाया रोका तथा कृषि अधिकृत चन्द्रकान्त तिमिल्सिनालाई नगदसहित सम्मान गरिएको थियो ।

महोत्सवको आकर्षणका रूपमा आलु तथा ताजा तरकारीको प्रदर्शनी, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन, माटो र बोटबिरुवाको परीक्षण तथा रोगको निदान, कृषिसम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनीलगायत रहेका थिए ।

'सुन्दर ठाउँ हेम्जा जाऔं, आलुका स्वादिष्ट परिकार खाउँ, आलु एक परिकार अनेक' नाराका साथ विष्णुपादुका क्लबको आयोजनामा महोत्सव गरिएको हो । कास्कीमा १,२५३ हेक्टर जमीनमा आलुखेती गरिन्छ । त्यसबाट वार्षिक २१,५१० टन उत्पादन हुँदा हेम्जामा पाँच सय हेक्टर क्षेत्रफल जमीनमा आलुखेती गर्ने गरिएकोमा पाँच हजार टन उत्पादन हुने गरेको छ ।

# देशको समृद्धिमा लेखा व्यवसायीको महत्त्वपूर्ण भूमिका

काठमाडौं, ६ वैशाख/रासस

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले आर्थिक विकास र देशको समृद्धिका लागि लेखा व्यवसायीको महत्त्वपूर्ण भूमिका हुने बताएका छन् ।

चार्टर्ड एकाउन्टेन्ट्सहरूको नियामक निकाय नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था (आइक्यान)को आयोजनामा बिहीवारदेखि काठमाडौंमा शुरू भएको लेखा व्यवसायीहरूको राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै मन्त्री भण्डारीले राम्रो लेखाङ्कन नहुँदा कतिपय क्षेत्र नै बन्द भएकाले यो पेशामा आचारसंहिताको परिपालना अनिवार्य हुने बताए ।

"यस पेशामा रहनुहुने व्यक्तिले आचारसंहिताको अनुभूति र सिद्धान्त अनुसार अगाडि बढिरहनुभएको कुरामा म विश्वस्त छु," मन्त्री भण्डारीले भने ।

अर्थतन्त्रमा पछिल्लो समय केही सुधार देखिएको र स्वदेशी उत्पादनमार्फत आर्थिक वृद्धि गर्न आवश्यक रहेको उनको भनाइ थियो । उद्योगमन्त्री भण्डारीले सम्मेलनबाट प्राप्त हुने निष्कर्ष तथा सुझाव अनुसार कारबाई अगाडि बढाउन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग छलफल गरेर मन्त्रिपरिषद्मा पेश गर्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले मुलुकको दिगो विकासका लागि लेखा व्यवसायीको महत्त्वपूर्ण भूमिका हुने बताए । चार्टर्ड एकाउन्टेन्ट्स (सिए)ले मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको उनको भनाइ थियो ।

"अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले यस वर्ष नेपालको आर्थिक वृद्धि दर तीन दशमलव दुई प्रतिशत हुने प्रक्षेपण गरेको छ । मुलुकको अर्थतन्त्र पनि सुधार हुँदै जाने देखिएको छ," उनले भने, "अहिलेको यस्तो अवस्थामा पनि पारदर्शितासहित यो पेशा अगाडि बढिरहेको अवस्था छ ।"

सम्मेलनका प्रमुख वक्ता इन्टरनेशनल फेडेरेशन अफ एकाउन्टेन्ट्स (आइफ्याक)की अध्यक्ष आश्मा रेस्मौकीले दिगो लेखा अभ्यासका लागि सार्वजनिक चासोका मुद्दालाई अघि बढाउन आवश्यक रहेको बताइन् । लेखा अभ्यास र व्यावसायिक लेखाको क्षेत्रमा धेरै अवसर रहेकाले त्यसलाई प्राप्त गर्न द्रुत गतिमा अगाडि बढ्न उनको सुझाव थियो ।

आइक्यानका अध्यक्ष सिए सुजनकुमार काफ्लेले तेस्रो सम्मेलनले विश्वभर हुँदै आएको लेखा अभ्यासको अध्ययन र यस क्षेत्रको प्रवर्द्धन तथा विस्तारमा सहयोग पुग्ने बताए । सम्मेलनले वर्तमान अवस्थामा लेखा व्यवसायका क्षेत्रमा देखिएका चुनौती र त्यसको दिगो समाधानका लागि हुनुपर्ने प्रयास सम्बन्धमा नयाँ दिशा दिने पनि उनले बताए ।

नेपाल अडिटर एशोसिएशन (अडान)का वरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद भट्टराईले दिगो लेखा अभ्यास केन्द्रित यस सम्मेलनले आगामी दिनमा मुलुकमा सुशासन र आर्थिक वृद्धिमा टेवा पुग्ने बताए ।

चार्टर्ड एकाउन्टेन्ट सङ्घ (एक्यान)का अध्यक्ष सिए दीपक पाण्डेले डिजिटल अर्थतन्त्र विस्तार हुँदै जाने क्रममा सोही अनुसार सीप र दक्षता विस्तार हुन नसके पेशागत चुनौती पनि देखा पर्न सक्ने बताए । शुक्रवारसम्म चल्ने सम्मेलनमा देशभरबाट करीब एक हजारजना लेखा व्यवसायीको सहभागिता रहेको आयोजकले जनाएको छ ।



**ग्राहकको प्रतीक्षामा उद्यमी:** ताप्लेजुङको पाथीभरा जाने पदमार्गमा स्थानीय उत्पादन अल्लोको कपडा लिएर ग्राहकको प्रतीक्षामा बसेका एक उद्यमी । तस्बिरः सन्तोष पुर्कुटी/रासस

# तातोपानी भन्सारबाट लक्ष्यभन्दा बढी राजस्व सङ्कलन

चौतारा (सिन्धुपाल्चोक), ६ वैशाख/रासस

चालू आर्थिक वर्षको नौ महीनामा तातोपानी भन्सार कार्यालयले लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गरेको छ । चालू आवमा रु पाँच अर्ब ५९ करोड सङ्कलन गर्ने लक्ष्य लिएकोमा हालसम्म रु आठ अर्ब ५६ करोड सङ्कलन भइसकेको भन्सार प्रमुख दयानन्द केसीले जानकारी दिए ।

नाका सञ्चालन भएपछि व्यापार बढेको उनले बताए । पछिल्लो समय मानिसहरूको आवतजावत बढिरहेको उनको भनाइ छ । उनले यस भन्सार नाकामा भूकम्पपछि पछिल्लो समय व्यापारिक गतिविधि बढे पनि सडकलगायतका पूर्वाधारमा भने सुधार हुन नसकेको बताए ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम सम्पर्क नं. आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## लोकसभा निर्वाचनको तयारीमा राजनीतिक दल

नयाँ दिल्ली, ६ वैशाख/एएनआई

भारतका विभिन्न प्रान्तमा हुने लोकसभा निर्वाचनको तयारी तीव्ररूपमा भइरहेको छ। लोकसभा चुनावको पहिलो चरण यही अप्रिल १९ मा शुरू हुँदैछ।


तस्वीरः एजेन्सी

निर्वाचनको प्रतिस्पर्धामा होमिएका दल र उम्मेदवारले आफ्नो पक्षमा जीत हासिल गर्न अनेक मेहनत गरिरहेका छन् भने निर्वाचन व्यवस्थापनसम्बन्धी निकायले सुरक्षा र अन्य व्यवस्थापकीय तयारी जारी राखेको छ।

**उत्तराखण्डमा हेलिकप्टरको प्रबन्ध**

निर्वाचन अन्तर्गत उत्तराखण्डमा सुरक्षित निर्वाचन सुनिश्चित गर्न हेलिकप्टरको प्रबन्ध गरिएको छ। उत्तराखण्डका अतिरिक्त मुख्य निर्वाचन अधिकारी विजयकुमार जोगदण्डेले सबै पाँच लोकसभा स्थानका लागि हुने निर्वाचनको मतदान केन्द्रमा भइरहेका तयारीबारे जानकारी दिँदै आपत्कालीन सेवाका लागि दुईवटा हेलिकप्टरको व्यवस्था गरिएको जानकारी दिए। उनले यसपटकको मतदान हिंसा वा हताहतमुक्त हुने र कुनै आपत्कालीन अवस्था नआउने बताएका छन्।

"एउटा हेलिकप्टर गढवालमा र अर्को खकुमाउमा तैनाथ गरिने र तिनलाई आपत्कालीन उद्देश्यका लागि मात्र प्रयोग गरिनेछ। यसपटकको मतदान हताहत वा हिंसामुक्त हुनेछ, कुनै आपत्कालीन अवस्था आउने छैन"– जोगडाँडेले भने।

पहाडी प्रदेशमा मतदाताको सहभागिता बढाउन राज्यभर ११ हजारभन्दा बढी मतदान केन्द्र स्थापना गरिने भएको छ।

यसैबीच, उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले बुधवार नैनीतालमा पत्रकारहरूसँग कुरा गर्दै लोकसभा चुनावमा ठूलो सङ्ख्यामा सहभागी हुन मतदाताहरूलाई आग्रह गरेका छन्।

**पूर्वमुख्यमन्त्री र पूर्वमुख्यमन्त्रीका छोराबीच प्रतिस्पर्धा**

हरिद्वार र उत्तराखण्डका अन्य चार लोकसभा निर्वाचन क्षेत्रहरूमा अप्रिल १९ मा आम चुनावको पहिलो चरणमा मतदान हुनेछ।

यस क्षेत्रमा भारतीय जनता पार्टीका नेता तथा उत्तराखण्डका पूर्वमुख्यमन्त्री त्रिवेन्द्र सिंह रावत र उत्तराखण्डका पूर्वमुख्यमन्त्री हरिश रावतका छोरा काङ्ग्रेसका वीरेन्द्र रावतबीच प्रतिस्पर्धा हुने भएको छ।

हरिद्वार संसदीय क्षेत्र कुल १४ विधानसभा मिलेर बनेको छ। भाजपाले सन् २०१९ र २०१४ को लोकसभा चुनावमा हरिद्वारका सबै सिटमा जीत हासिल गरेको थियो।

उत्तराखण्डमा परम्परागतरूपमा भाजपा र काङ्ग्रेसबीच कडा प्रतिस्पर्धा देखिएको छ। दुवै दल राज्यलाई आफ्नो राष्ट्रिय सङ्कल्प अनुसार सञ्चालन गर्न आवश्यक युद्धभूमिको रूपमा हेर्छन्।

सोनितपुर जिल्ला निर्वाचन कार्यालयले बिहीवार पहिलो चरणको निर्वाचनका लागि मतदान कर्मचारीहरूलाई मतदान केन्द्रहरूमा पठाएको छ। डिब्रुगढ, जोरहाट, लखिमपुर, सोनितपुर र काजिरङ्गामा पहिलो चरणको निर्वाचन अप्रिल १९ मा हुँदैछ।

**मतदान कर्मचारी र सुरक्षाकर्मी खटे**

सोनितपुर संसदीय क्षेत्रका लागि बिहीवार असमको सोनितपुरको दराङ कलेजबाट मतदान टोली र सुरक्षाकर्मी पठाउन थालिएको छ।

अतिरिक्त जिल्ला आयुक्त कविता काकती कोनवरले सोनितपुरमा आवश्यक मतदान कर्मचारी मतदानमा संलग्न हुने जानकारी दिइन्।

उक्त जिल्लामा करीब १५० महिला मतदान केन्द्र छन्।

सबै निर्वाचन क्षेत्रमा पर्यवेक्षक राखिएकाले स्वतन्त्र र निष्पक्ष चुनाव हुने विश्वास दिइएको छ। रासस

## राष्ट्रसङ्घद्वारा २.८ अर्ब डलरको अपील सार्वजनिक

राष्ट्रसङ्घ, ६ वैशाख/सिन्हवा

मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (युएनओसिचएचए)ले बुधवार प्यालेस्टिनी क्षेत्रका लागि २.८२२ अर्ब अमेरिकी डलरको फ्ल्यास अपील सार्वजनिक गरेको छ।

उक्त रकम यस वर्षको अन्त्यसम्म पूर्वी जेरुसेलम, गाजा र वेस्ट बैंकका ३.१ मिलियन मानिसलाई सहायता गर्न प्रयोग गरिने युएनओसिएचएले जनाएको छ।

कार्यालयले उक्त प्रक्रियाका लागि सञ्चालित कार्यक्रम देखिनेगरी व्यवस्थापन गरिने जनाएको छ। मानवीय संस्थाहरूले गाजापट्टी र वेस्ट बैंकका पीडितहरूका लागि आवश्यक सुरक्षा र दिगो पहुँच हुनुपर्ने पनि जनाएको छ।

कार्यालयले भनेको छ–"गाजामा थप प्रवेश र आपूर्ति मार्गहरू चाहिन्छ, अशदोद बन्दरगाहको प्रयोग पनि चाहिन्छ। उनीहरूलाई गाजाभित्र निर्बाध आवागमन र सहायता प्राप्त गर्नका लागि भिसा र अनुमतिहरू समयमैं प्रदान गरी मानवीय आवश्यकताका वस्तुहरू ल्याउन सक्षम बनाउन आवश्यक छ।"

गत वर्ष अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासले गरेको घातक आक्रमणको प्रतिक्रियामा इजरायलले गाजामा हमासविरुद्ध ठूलो मात्रामा सैन्य आक्रमण गरेको छ। हमासको आक्रमणमा इजरायलमा १,२०० मानिस मारिएका थिए भने २०० भन्दा बढीलाई बन्धक बनाइएको थियो।

इजरायली आक्रमणमा अहिलेसम्म ३३,७०० भन्दा बढीको मृत्यु र ७६ हजार भन्दा बढी घाइते भएका छन्। रासस

## अस्ट्रेलियाको बेरोजगारी दर ३.८ प्रतिशतले बढ्यो

क्यानबेरा (अस्ट्रेलिया), ६ वैशाख/सिन्हवा

पछिल्लो समय अस्ट्रेलियामा दिनानुदिन बढ्दै गएको बेरोजगारी दर गत मार्च महीनामा बढेर ३.८ प्रतिशत पुगेको आधिकारिक तथ्याङ्कले देखाएको छ।

अस्ट्रेलियन ब्युरो अफ स्टचाटिस्टिक्स (एबिएस)ले बिहीवार प्रकाशित गरेको तथ्याङ्क अनुसार रोजगारी अस्ट्रेलियालीहरूको सङ्ख्या फेब्रुअरी र मार्चको अवधिमा ६,६०० ले घटेको छ भने बेरोजगारी दर ३.७ बाट ३.८ प्रतिशतमा पुगेको न्यूज कर्प अर्थशास्त्रीलाई उद्धृत गर्दै अस्ट्रेलियाका अखबारहरूले जनाएका छन्।

जनवरी र फेब्रुअरीको बीचमा कार्यरत अस्ट्रेलियालीहरूको सङ्ख्या १,१६,५०० ले बढेपछि बेरोजगारीमा गिरावट आएको हो।

एबिएसले फेब्रुअरी र मार्चको बीचमा पूर्ण–समय कार्यरत अस्ट्रेलियालीहरूको सङ्ख्या २७,९०० ले बढे पनि सोही अवधिमा अल्पकालिक रोजगारी ३४,५०० ले घटेको बताएको छ।

जागीर गुमाए पनि अस्ट्रेलियालीहरूले काम गरेको घण्टाको कुल सङ्ख्या एक करोड ७० लाख वा फेब्रुअरीको तुलनामा मार्चमा ०.९ प्रतिशत र मार्च २०२३ को तुलनामा १.७ प्रतिशत बढी थियो।

एबिएसका श्रम तथ्याङ्क प्रमुख ब्योर्न जार्विसले सहभागिता दर पूर्व–महामारीको स्तरभन्दा धेरै बढी भएको र नोभेम्बर २०२३ मा सेट गरिएको ६७ प्रतिशतको रेकर्डभन्दा उच्च रहेको बताए।

सहभागिता दरले काम गर्ने उमेरका जनसङ्ख्याको अनुपात मापन गर्छ, जसबाट कार्यरत छन् वा सक्रियरूपमा काम खोज्दैछन् भन्ने थाहा हुन्छ, जुन ६६.७ प्रतिशतबाट केही घटेर ६६.६ प्रतिशतमा झरेको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – सन्तानसुख | वृष – भयचिन्ता |
| मिथुन – मित्रमिलन | कर्कट – सुयश |
| सिंह – अन्नलाभ | कन्या – बेचैनी |
| तुला – धनलाभ | वृश्चिक – सफलता |
| धनु – राज्यलाभ | मकर – रोगभय |
| कुम्भ – व्यापारवृद्धि | मीन – शत्रुपराजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

## बालबालिकालाई भिटामिन र जुकाको औषधि खुवाइँदै

काठमाडौं, ६ वैशाख/रासस


तस्वीरःरासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा विभागले बिहीवार र भोलि शुक्रवार पाँच वर्षमुनिका बालबालिकाका लागि राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालन गरिरहेको छ।

दुई दिनसम्म सञ्चालन हुने कार्यक्रममा भिटामिन 'ए' क्याप्सुल छ महीनादेखि ५९ महीनाका बालबालिका र जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइँदैछ।

विभागका पोषण शाखा प्रमुख लीलाविक्रम थापाले करीब ३२ लाखलाई भिटामिन 'ए' र करीब २९ लाख बालबालिकालाई जुकाको औषधि खुवाउने योजना रहेको जानकारी दिए।

"हरेक वडामा स्वास्थ्य स्वयंसेविकाहरूले बालबालिकालाई भिटामिन र जुकाको औषधि खुवाउने छन्"–उनले भने–"अभिभावकले आफ्ना बालबालिकालाई पायक पर्ने ठाउँमा लगेर भिटामिन 'ए' र जुकाको औषधि खुवाउन सक्नुहुन्छ।"

कार्यक्रमका लागि ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका र १० हजार स्वास्थ्यकर्मी खटेका थापाले जानकारी दिए। सरकारले प्रत्येक वर्ष कात्तिक र वैशाखमा बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि निश्शुल्क खुवाउने गरेको छ। भिटामिन 'ए' र जुकाको औषधिले स्वास्थ्य जटिलता र कुपोषणको जोखिम न्यूनीकरण गर्ने स्वास्थ्य सेवा विभागले जनाएको छ।

## रासस स्थानीय सरकारसँग सहकार्य गर्न तयार छ –अध्यक्ष झा

बोदे बर्साइन (सप्तरी), ६ वैशाख/रासस

राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले रासस स्थानीय सरकारहरूसँग मिलेर काम गर्न तयार रहेको बताएका छन्।

बिहीवार बोदे बर्साइन नगरपालिका आएका अध्यक्ष झा र सो नगरपालिकाका प्रमुख आतेशकुमार सिंहबीच भएको कुराकानीका क्रममा उनले रासस र स्थानीय सरकारबीच सहकार्य गर्न सकिने बताएका हुन्।

सो अवसरमा नगरप्रमुख सिंहले राससले जनतालाई सुसूचित गराउन निर्वाह गरिरहेको भूमिकाको प्रशंसा गरे। सङ्घीयता कार्यान्वयनको सन्दर्भमा राससले खेलेको भूमिका प्रशंसनीय रहेको भन्दै प्रमुख सिंहले रासससँग सहकार्य गर्न आफू तयार रहेको बताए।

अध्यक्ष झाले राससले स्थानीय सरकारबाट सहयोगको अपेक्षा गरेको जानकारी दिएका थिए। राससले विभिन्न नगरपालिकासँगको सहकार्यमा मुलुकका राष्ट्रिय भाषामा समाचार सम्प्रेषण गर्ने गरिरहेको छ।

## ब्युटिसियन तालीम सम्पन्न

प्रस, वीरगंज, ६ वैशाख/

वीरगंज महानगरपालिका–६ मा एक महीने ब्युटिसियन तालीम समापन भएको छ।

वडापालिका कार्यालय र जेसियल



हाउस ब्युटी पार्लर एवं ट्रेडिङ सेन्टरको संयुक्त आयोजनामा सञ्चालित तालीमको समापन वडाध्यक्ष जयप्रकाश शाहले गरेका थिए। उनले वडाका महिलाहरूलाई रोजगारको लागि तालीम प्रदान गरिएको र तालीमबाट सिकेको सीपको उपयोग गर्न आग्रह गरे।

कार्यक्रममा वडा सचिव गङ्गा पौडेल, पवन शर्मा, राजु खड्गी, सुशीला परियार, मधु चौधरी, रिङ्की कलवार, सबिना खड्गी, ममता रौनियार र सबाना खातुनलगायतको सहभागिता थियो।

## जलिरहेको अवस्थामा युवतीको शव बरामद

गोदार (धनुषा), ६ वैशाख/रासस

जनकपुरधाममा जलिरहेको अवस्थामा एउटी युवतीको शव फेला परेको छ।

उपमहानगरपालिका–१६ कपिलेश्वरमा गएराति करीब ९ बजे युवतीको शव जलिरहेको फेला परेको जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक रञ्जन अवालेले जानकारी दिए।

उनका अनुसार युवतीको शवनजीकै एक बालिकाको पनि जीवितै उद्धार गरिएको थियो। "स्थानीयले खबर गरेपछि कपिलेश्वर महादेव मन्दिरभन्दा अन्दाजी ५०० मिटर दक्षिणतर्फ पोखरीको छेउमा युवतीको जल्दै गरेको शव र अन्दाजी आठ महीनाको बालिकाको जीवितै उद्धार गरिएको छ"–उनले भने। उनका अनुसार जीवितै उद्धार गरिएकी बालिकाको जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ। मृत्यु हुने युवती महोत्तरी मनरासिसवाकी अन्दाजी २२ वर्षीय प्रियङ्का महतोको रहेको प्रनाउ अवालेले बताए। युवतीको शव शल्यपरीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको छ। घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।




**हरिपुरमा विरोध प्रदर्शन**: सर्लाहीको हरिपुरका स्थानीय बासिन्दाले बिहीवार बिहान धार्मिक तथा सामाजिक सहिष्णुता कायम गराउन माग गर्दै गरेको शान्तिपूर्ण विरोध प्रदर्शन। तस्बिरः शङ्कर पहाडी/रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## बजेट विनियोजनमा भेदभाव -नगरप्रमुख सिंह


तस्वीर: सौजन्य

प्रस, वीरगंज, ६ वैशाख/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले सङ्घ सरकारले दिने बजेटमा विभेद भएको आरोप लगाएका छन् । बिहीवार सार्वजनिक लेखा समितिको संसदीय टोलीसमक्ष उनले वीरगंज महानगरपालिकाले भरतपुर मनपाभन्दा धेरै कम बजेट पाइरहेको बताए । नगरप्रमुख सिंहले आगामी बजेटमा वीरगंजलाई न्यायोचित बजेट विनियोजन गर्न आग्रह गरे ।

नगरप्रमुख सिंहले भरतपुर महानगरले ३९० करोड र वीरगंज महानगरपालिकाले ११५ करोड बजेट पाउनु दुःखद रहेको बताउँदै सार्वजनिक लेखा समितिको ध्यानाकर्षण गराए ।

सङ्घीय सांसद रामकृष्ण यादवले वीरगंजमाथि भइरहेको विभेदप्रति सार्वजनिक लेखा समितिले संसद्मा छलफल गर्ने तथा सरकारलाई लिखित निर्देशन दिने बताए ।

प्रतिनिधिसभा सार्वजनिक लेखा समितिका संयोजक सङ्घीय सांसद रामकृष्ण यादवको संयोजकत्वमा स्थलगत अनुगमन गर्न वीरगंज आएको संसदीय टोलीले स्थानीय तहसँग अन्तर्क्रिया गरेको थियो । अन्तर्क्रियामा प्रतिनिधिसभा सदस्यहरू रामकृष्ण यादव, अमरेशकुमार सिंह, प्रदीप यादव, देवप्रकाश तिमिल्सिना, प्रभु हजरा, प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाल, प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलगायतको सहभागिता थियो ।


### “लामखुट्टेबाट सर्ने रोगबाट बचौं”

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता सङ्क्रामक रोग लामखुट्टेको टोकाइबाट हुने गर्छ ।

यसबाट बच्न,
- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेले नटोकोस् भनी सचेत रहने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घरवरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुङ्गुर, बङ्गुर, हाँस, घोडाजस्ता पशुपक्षीहरू व्यवस्थित ढङ्गले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपक्षीको खोर टाढा राख्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारी आएन | | |

# खेलकूदको संसार

## कालिका कप राष्ट्रिय भलिबलको उपाधि आर्मीलाई


तस्वीरः रासस

गलकोट (बागलुङ), ६ वैशाख/रासस

चैते दशैंको अवसरमा बागलुङ कालिका गुठी समितिद्वारा आयोजित कालिका कप राष्ट्रिय पुरुष भलिबल प्रतियोगिताको उपाधि त्रिभुवन आर्मीले जितेको छ ।

उपाधिका लागि बिहीवार भएको फाइनल खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले सोझो सेटमा घुम्टे रेस्टुरेन्टलाई पराजित गर्दै उपाधि जितेको हो । योसँगै आर्मी क्लबले रु तीन लाख, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको आयोजकले जनाएको छ । आर्मीसँग हारेको घुम्टे रेस्टुरेन्टले उपाधिको दोस्रो पुरस्कारमा चित्त बुझाएको छ ।

फाइनल खेलको पहिलो सेटमा त्रिभुवन आर्मीले घुम्टे रेस्टुरेन्टलाई २५-१८, २५-१२ र २५-२२ अङ्कले पराजित गरेको थियो । बुधवार भएको सेमिफाइनल खेलमा त्रिभुवन आर्मीले कस्तुरी युवा क्लब र बागलुङ घुम्टे रेस्टुरेन्टले कालिका युवा क्लबलाई सोझो सेटमा पराजित गरेका थिए ।

उपाधिको तेस्रो पुरस्कार भने कालिका युवा क्लबलाई सोझो सेटमा हराउँदै कस्तुरी युवा क्लबले हात पारेको छ । प्रतियोगिताको विजेताले रु तीन लाख, उपविजेताले रु एक लाख ५० हजार र तृतीय हुनेले रु एक लाख पुरस्कार प्राप्त गरेको भलिबल खेल संयोजक अर्जुन खड्काले जानकारी दिए ।

## टी-२० क्रिकेटमा लुम्बिनीको जीत

काठमाडौं, ६ वैशाख/रासस

वीर गणेशमान सिंह टी-२० राष्ट्रिय क्रिकेट च्याम्पियनशिपमा लुम्बिनी प्रदेशले कर्णाली प्रदेशलाई हराउँदै प्रतियोगितामा दोस्रो जीत दर्ता गराएको छ ।

मूलपानी क्रिकेट मैदानमा बिहीवार भएको खेलमा लुम्बिनीले कर्णाली प्रदेशलाई सात विकेटले पराजित गरेको हो । जीतसँगै लुम्बिनीले तीन खेलमा चार अङ्क जोडेको छ । यसअघि गण्डकी प्रदेशलाई सात विकेटले पराजित गरेको लुम्बिनीले मधेससँग २७ रनले पराजित भएको थियो ।

कर्णालीले प्रस्तुत गरेको ८२ रनको सामान्य लक्ष्य लुम्बिनीले १२ दशमलव दुई ओभरमा तीन विकेट गुमाउँदै पूरा गर्‍यो । लुम्बिनीका लागि कप्तान देव खनालले २९ बलमा सात चौका र एक छक्काको मदतले अविजित ५१ रन बनाए । यसैगरी, मृनाल गुरुङले १३ रन जोडदा विराट भण्डारीले अविजित १० रन बनाए ।

कर्णालीका लागि कप्तान दिवान पुनले दुई विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको कर्णालीले १६ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै ८१ रनको योगफल बनाएको थियो । उसका लागि अर्जुन घर्तीले सर्वाधिक २८ रनको योगादन दिए भने दिवान पुनले १२ तथा दीपेन्द्र रावलले ११ रन बनाए ।

कर्णालीलाई सस्तैमा समेट्ने क्रममा लुम्बिनीका देव खनाल, अभिषेक गौतम र वीर मगरले समान दुई/दुई विकेट लिए भने निर्मल गुरुङ, कृष्ण कार्की र नर सार्कीले समान एक/एक विकेट लिएका थिए ।

## पमपम बिल्डिङमा प्रहरीको छापा, करोडौं मूल्यको कपडा बरामद

नितेश कर्ण, वीरगंज, ६ वैशाख/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिहीवार दिउँसो वीरगंज महानगरपालिका-६ महावीरस्थानमा रहेको पमपम बिल्डिङका चारवटा गोदाममा छापा मारी करोडौं मूल्यको भन्सार छलीका कपडाहरू बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले छापा मारिएको स्वीकारे तर सम्पूर्ण विवरण प्राप्त नभएको बताए । उनले छापामारी चालू रहेको र कपडाहरू बरामद भएकाले यकीन विवरण आएपछि पत्रकार सम्मेलन गरी यसबारेमा जानकारी गराउने बताए ।

तर यो घटनामा प्रहरीले पमपम बिल्डिङमा रहेको काजल इम्पेक्सलाई पनि घेरेकोले सो सामान उसैको हुन सक्ने अनुमान गरिएको छ । काजल इम्पेक्स रामबाबू कुशवाहाको भएको बुझिन आएको छ ।

वडाध्यक्ष जयप्रकाश शाहले पमपम बिल्डिङको पहिलो तलामा एउटा गोदाम र दोस्रो तथा तेस्रो तल्लामा रहेका फ्ल्याटमा पनि कपडाहरू भण्डारण गरिएको अवस्थामा प्रहरीले तीनवटा स्थानबाट ठूलो परिमाणमा कपडाहरू बरामद गरेको बताए । वडाध्यक्ष शाहले अहिलेसम्म आफूलाई कसैले सो गोदाम, घर आफ्नो भएको र वैध सामान रहेको भनेर दाबी गर्न नआएको जानकारी गराएका छन् । वडाध्यक्ष शाहले गोदामबाट केही नेपाली कपडाहरू पनि बरामद भएकाले आफूले प्रहरीलाई जे जस्तो अवस्थामा बरामद भएको हो सोबारेमा सही विवरण बनाउन र आर्थिक मन्दीको बेला व्यापारीलाई फसाउने गरी काम नगरिदिन आग्रह गरेको बताए ।

उनले गैरकानूनी काम हो भने प्रहरी कारबाही जायज भएको बताएका छन् । अध्यक्ष शाहले मानिस बस्ने घरमा चार/चार वटा कोठा र एउटा बैठक रहेको र ती सबैमा कपडाहरू भएको बताए । प्रारम्भिक अनुमानमा बरामद कपडाहरू पाँचदेखि सात करोड मूल्यको हुने उनले अनुमान गरे । यो छापामारीमा प्रहरीबाहेक अन्य निकायलाई भने सहभागी गराइएको छैन । छापामारीको क्रममा सामान्यतया जिल्ला प्रशासन कार्यालय, वाणिज्य, घरेलु, वीउवासङ्घ र वडा पालिकाका प्रतिनिधि सहभागी गराउनुपर्नेमा यो घटनामा प्रहरीले सूचना चुहिने अथवा अन्य कुनै कारणले एक्लै सहभागी भएको छ ।


वीरगंज महानगर-३ पमपम बिल्डिङमा रहेको कपडा गोदाममा प्रहरीले छापामारी गरी बरामद कपडा गाडीमा राख्दै । तस्वीरः नितेश कर्ण

## गाँजासहित एकजना युवक पक्राउ


तस्वीर: सौजन्य

प्रस, सिम्रौनगढ, ६ वैशाख/

जिल्ला प्रहरी कार्यालय, बाराले २३० किलो गाँजासहित एकजनालाई पक्राउ गरेको छ ।

बिहीवार बिहान १:३० बजे इलाका प्रहरी कार्यालय, सिम्रौनगढका प्रहरी निरीक्षक नवीन राईको कमान्डमा खटिएको प्रहरी टोलीले पचरौता नगरपालिका-४ इनर्वाबाट गाँजासहित एकजनालाई पक्राउ गरेको जिप्रका, बाराले जनाएको छ ।

प्रहरीलाई देखेपछि गाँजा तस्करहरू गाँजा छाडेर फरार भएपछि प्रहरीले एक राउन्ड हवाई फायर गरेर रौतहट, फतुवा विजयपुर नगरपालिका-४ टेग्राहा बस्ने २३ वर्षीय चन्दन पासवानलाई पक्राउ गरेको जिप्रका, बाराले जनाएको छ ।

प्रहरीले सो स्थानबाट २३० किलो गाँजा बरामद गरेको हो ।

यसैगरी, जिप्रका, बाराले ६८ लाख मूल्य बराबरका अवैध सामानसहित एउटा ट्रक नियन्त्रणमा लिएको छ ।

हिजो इलाका प्रहरी कार्यालय, जीतपुरले जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ७ जीतपुरबाट ना.६ख ६३४ नम्बरको ट्रक चेकजाँच गर्दा बिलबीजकभन्दा बढीको सामान भेटिएको र सोको स्रोत खुलाउन नसकेपछि प्रहरीले सामानसहित ट्रक नियन्त्रणमा लिएको जिप्रका, बाराले जनाएको छ । ट्रकबाट ६८ लाख मूल्य बराबरका कपडा र खुद्रा सामान बरामद भएको र कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया पठाएको जिप्रका, बाराले जनाएको छ ।

## सालको चार थान गोलिया बरामद


तस्वीरः प्रतीक

नरेश यादव, पर्सागढी ६ बैशाख/

पर्सागढी नगरपालिका-३ आमोदेवी मन्दिरनजीकै लुकाएर राखिएको चार थान सालको गोलिया प्रहरी चौकी बडनिहारले नियन्त्रणमा लिएको छ ।

सूचनाको आधारमा प्रहरीको गस्ती टोलीले चार थान सालको गोलिया बरामद गरी बडनियार प्रहरी चौकीमा राखेको प्रहरी नायब निरीक्षक (असई) हरेराम कुर्मीले बताएका छन् ।